# महालेखापरीक्षकको

# वार्षिक लेखापरीक्षण प्रतिवेदन

# २०७७

## आदर्श गाउँपालिका

## डोटी ।




महालेखापरीक्षकको कार्यालय

काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेश नं.५,कर्णाली र सुदूर[illegible] लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal


पत्र संख्या:२०७६/७७
च.नं ४२६

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,
आदर्श गाउँपालिका, डोटी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**


नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

२०७७/३/२४

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेश नं.५,कर्णाली र सुदूरपश्चिम ... लेखापरीक्षण महानिर्देशनालय

Phone : 4258174
4266034
4255707
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu
Nepal

पत्र संख्याः२०७६/७७

मितिः २०७७/३/२४

च.नं ४७१

श्री अध्यक्षज्यू,
आदर्श गाउँपालिका, डोटी ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

## कैफियत सहितको राय

हामीले आदर्श गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तियविवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तह सङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको रायव्यक्तगर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तियबिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड २१ लाख ८० हजार बेरुजू देखिएको छ । सोमध्ये असुलगर्नुपर्ने रु. ७३ लाख २६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १४ लाख २४ हजार नियमित गर्नुपर्ने रु. ३४ लाख ३० हजार रहेको छ ।

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.n Website : www.oagnep.gov.np

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त दफा प्रारम्भिक प्रतिवेदनमा उल्लेखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना (४१) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सगं सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसगं हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्तगर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७६।१२।२८

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

# आदर्श गाउँपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्धेश्यले यस गांउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउँपालिका अर्न्तगत ७ वडा रहेको ३९ सभा सदस्य ( विद्यमान ३७ जना ), १२२ व.की.मी. क्षेत्रफल, २४२३२ जनसंख्या सात नंम्वर प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष:–** आर्थिक वर्ष २०७५।७६ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ:

| सि.नं. | आय विवरण | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३५,१०२,६३५।०१ | १ | चालु खर्च | २१५,७४९,१८१।३७ | २१५,७४९,१८१।३७ |
| | क) नगद | ०।०० | | २ | पूँजीगत खर्च | १०५,६३८,३०४।०० | १०५,६३८,३०४।०० |
| | ख) बैंक | ३५,१०२,६३५।०१ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ५८,८३१,५६६।५८ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ०।०० | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ५६,९६४,३१३।९३ | | | ग) अन्य भुक्तानी | | |
| | ग) मालपोत कर | १२६,२३६।४० | | | | | |
| | घ) अन्य आय | १,७४१,०१६।२५ | | ४ | लगानी | | |
| ३ | वित्तीय हस्तान्तरण | | १९५,९०३,०००।०० | | ऋण लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ८५,३००,०००।०० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ११०,६०३,०००।०० | | | अन्य लगानी | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ८,७०३,९२४।५४ | ५ | धरौटी फिर्ता | | |
| | क) वित्तीय समानीकरण अनुदान | ६,७७३,०००।०० | | ६ | कोष खर्च | | |
| | ख) सशर्त अनुदान | ८२०,०००।०० | | ७ | मौज्दात | | २२,०१७,२२०।७६ |
| | ग) सवारी साधन कर | १,११०,९२४।५४ | | | क) नगद मौज्दात | | |
| ५ | अन्तर सरकारी अख्तियारी | | ५३,७७०,०००।०० | | ख) बैंक मौज्दात | २१,६५७,२२०।७६ | |
| | क) जेष्ठ नागरिक सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | ४५,४९४,०००।०० | | | ग) धरौटी | ३६०,०००।०० | |
| | ख) गरिबसंग बिश्वेश्वर कायक्रम | ३९४,०००।०० | | | | | |
| | ग) प्रधानमन्त्री रोजगार कार्यक्रम | ४,९२४,०००।०० | | | निकासा फिर्ता | ५,६६३,६३७।०० | ५,६६३,६३७।०० |
| | घ) बहूक्षेत्रीय पोषण कार्यक्रम | १,४५३,०००।०० | | | निकासा फिर्ता आर.भि. | ४,९१९,१७६।०० | ४,९१९,१७६।०० |
| | ङ) प्रदेश तथा स्थानीय तहको क्षमता विकास कार्यक्रम | ३०५,०००।०० | | | | | |
| | च) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १,२००,०००।०० | | | | | |
| १० | धरौटी आय | ३६०,०००।०० | ३६०,०००।०० | | | | |
| १२ | राष्ट्रिय योजना आयोग स्वयमसेवक पारिश्रमिक | १५६,०००।०० | १५६,०००।०० | | | | |
| १३ | सेवा निवृत अनुदान | १,१६०,३९३।०० | १,१६०,३९३।०० | | | | |
| | **जम्मा** | **३५३,९८७,५१९।१३** | **३५३,९८७,५१९।१३** | | **जम्मा** | **३५३,९८७,५१९।१३** | **३५३,९८७,५१९।१३** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
| --- | --- | --- |
| | स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने, १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ मसान्तभित्र नै पारित गर्नुपर्ने व्यवस्था अनुसार २०७५ आषाढ मसान्तभित्र बजेट गाउँ सभाबाट पारित भएको छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार देहायका शीर्षकहरुमा सशर्त अनुदानबाट प्राप्त रकममध्ये खर्च गर्न बाँकी रहेको रु.५६६३६३७ फ्रिज भएको र रु. ५६६३६३७ संघीय सञ्चित कोषमा २०७६।३।३१ मा दाखिला गरेको छ ।<br><br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यावसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७६/८/३० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् । | |
| | **बित्तिय लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १. | **आर्थिक विवरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन । | |
| २. | **बैंक हिसाब :** गाउँपालिकाको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान हुनुपर्दछ । गाउँपालिकाको आयव्यय विवरण अनुसार (स्रेस्ताअनुसार) आषाढ मसान्तको मौज्दात रु.२,२०,१७,२२०।७६ देखिएको छ, तर मिति २०७६।३।३१ को बैंक स्टेटमेन्ट अनुसार देहायका बैंक खातामा जम्मा रु. ३,४६,१५,७६८/- मौज्दात देखियो । गाउँपालिकाको स्रेस्तामा र बैंक हिसाबमा रु.१,२५,९८,५४७।२४ फरक परेको देखिएकोले सो फरक हिसाब सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरी हिसाव मिलान गर्नुपर्दछ । | |
| ३. | **वित्तीय विवरण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाकले प्रत्येक वर्ष साउन एक गते देखि आगामि वर्षको असार मसान्तसमको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । साथै गाउँपालिकाले सोही ऐनको दफा ६९ मा तोकीय अनुसार आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यबस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्: | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>● लेखापरीक्षणका क्रममा बैंक नगदी किताब अद्यावधिक नरहेको, पेश्की खाता नराखेकोले कार्यालयले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सकिएन ।<br>● बैंक हिसाब समायोजनको विवरण प्राप्त हुन नसकेको ।<br>त्यसैले तोकिए बमोजिमका वित्तीय विवरणहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी आय व्ययको लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा गाउँपालिकाले ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । तर गाउँपालिकाले उक्त समिति गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.</td><td>श्रोत अनुमान तथा बजेट सिमाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा गर्दा मार्गदर्शन लगायतका कार्य गर्न ४ सदस्यीय श्रोत अनुमान तथा बजेट सीमा समिति गठनको व्यवस्था छ । तर गाउँपालिकाले उक्त समितिले गठन गरेको पाईएन । त्यसैले कानून बमोजिम समितिको गठन गरी गाउँपालिकाको बजेट तथा कार्यक्रमको प्रथामिकीकरण, बजेट सिमा निर्धारण र सोही अनुसार गाउँसभामा बजेट तथा कार्यक्रम पेश तथा पारित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>खर्च गर्ने अख्तियारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमूख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था भएपनि बजेट कार्यान्वयनको लागि अख्तियारी प्रदान गर्ने गरेको पाइएन । अतः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बजेट खर्च गर्ने अख्तियारी प्रदान गरी खर्च गर्नुपर्ने पर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः मिति २०७५/३/३१ मा गाउसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ ।<br><table><tr><th>सि.नं.</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिसत</th></tr></table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २०,५००,०००।०० | १८,०८३,९८३।०० | ५।६३ |
| २ | सामाजिक विकास | १७८,०५०,०००।०० | १६५,५६७,७७५।२२ | ५१।५२ |
| ३ | पुर्वाधार | ८३,०२०,०००।०० | ७४,७६१,५५७।०० | २३।२६ |
| ४ | वातवरण तथा विपद व्यवस्थापन | २,१२५,०००।०० | १,९२३,५२७।०० | ०।६० |
| ५ | संस्थागत विकास तथा सेवा प्रवाह | ९,०२०,०००।०० | ८,३८२,००२।०० | २।६१ |
| ६ | कार्यालय संचालन तथा प्रशासननिक | ६१,२७२,५१९।१३ | ५२,६६८,६४१।१५ | १६।३९ |
| | जम्मा | ३५३,९८७,५१९।१३ | ३२१,३८७,४८५।३७ | |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ५१.५२ प्रतिशत र घटीमा ०.६० प्रतिशत रहेको छ ।

**८.**

**पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थिति :** गाउँसभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छः

| सि.नं. | क्षेत्र/ उपक्षेत्र | बजेट | खर्च | खर्च प्रतिसत |
|---|---|---|---|---|
| १ | उर्जा | ५००,०००।०० | ११८,०००।०० | ०।०७ |
| २ | भवन तथा शहरी विकास | १३,५४०,०००।०० | १२,३८७,३७७।०० | ७।१५ |
| ३ | सिचाई | १४,५६०,०००।०० | १२,९६५,९८३।०० | ७।४८ |
| ४ | सडक तथा पुल (झोलुङ्गे पुल ) | २७,०२०,०००।०० | २४,२०९,८५०।०० | १३।९८ |
| ५ | खानेपानी पूर्वाधार कार्यक्रम | ९,०३०,०००।०० | ८,६५५,०२७।०० | ५।०० |
| ६ | विविध | २९,५५०,०००।०० | २८,२८१,४७०।०० | १६।३३ |
| | पूर्वाधार विकास | ९४,२००,०००।०० | ८६,६१७,७०७।०० | ५०।०० |
| **जम्मा** | | | **१७३,२३५,४१४.००** | |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण र पूर्वाधार विकास क्रमशः १३.९८%,५०%, बजेट खर्च गरेकोले स्वीकृत लक्ष्य अनुसार प्रगति हुन सकेको छैन ।

**९.**

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१५ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.१७,४१,०१६.२५ अर्थात अनुमान भन्दा ११६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | देखिएको छ । | |
| १०. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>**केन्द्रीय अनुदानबाट खर्च**: २२,९५,७३,००० ; **आन्तरिक आय**: १७,४१,०१६.२५ ; **आन्तरिक आय प्रतिशत**: ०.७६<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.७६ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११. | **आयव्ययको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा गाउँपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष एकल खाता कोष प्रणालीबाट सञ्चालन गरी भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता, बहुक्षेत्रीय पोषण, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको बजेट स्थानीय तहको सञ्चित कोषमा जम्मा गरेर खर्च गरेको, चालु र पूँजीगत खर्च शीर्षकको विनियोजन तथा नेपाल सरकारको आय तथा व्यय शीर्षकको शीर्षकगत लेखाङ्कन पालना स्थिति कमजोर रहेको, योजनागत खाता अद्यावधिक हुन नसकेको देखिन्छ । कार्यालयले तोकिएको विनियोजन तथा खर्च प्रणाली अवलम्बन गर्दै आय तथा व्ययको शीर्षकगत परिपालनामा विशेष ध्यान दिनुपर्दछ । | |
| १२. | **मध्यकालिन खर्च संरचना :** अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ–आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहीत मध्यकालिन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले सार्वजनिक खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने मध्यमकालिन खर्च संरचना कार्यान्वयनमा ल्याएको छैन । स्रोतको बितरणमुखी प्रवृत्तिलाई नियन्त्रण गर्न, स्रोतसाधनलाई प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गर्न तथा योजनाहरुलाई लागतलाभ विश्लेषण गरी लागतप्रभावी बनाउन मध्यकालिन खर्च संरचनालाई कार्यान्वयन गर्न कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १३. | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमूख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र गाउँपालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा गाउँपालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायतका क्षेत्रगत बिषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १४. | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| | **नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १५. | **बजेट अबण्डा** : स्थानीय तहले बार्षिक कार्यक्रम स्वीकृत गरी कार्यक्रमगत बजेट व्यवस्था गर्नुपर्नेमा गाउँपालिकाले रु.३३ लाख बराबरको भैपरी आउने पूनँजीगत शीर्षकमा कार्यक्रम बजेट अबण्डा राखेको देखियो । योजना स्वीकृत नगरी बजेट व्यवस्था गर्न नमिल्ने, त्यसको लागी अबण्डामा बजेट राख्नु उपयुक्त देखिएन । यसले गर्दा कार्यक्रमको कार्यान्वयन सुनिश्चितता नहुने, रकमान्तर गरी अन्यत्र बजेट सार्ने अवस्था सृजना हुने देखिएकोले यस्तो कार्य नियन्त्रण हुनुपर्दछ । | |
| १६. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:<br>● गाउँपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● गाउँपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | • गाउँपालिकाको वडा कार्यालय र विषगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको,<br>• गाउँपालिकाको मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• गाउँपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रम समेत बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी तर्फ केन्द्रीत भई वितरणमुखी मात्र देखिएको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• गाउँपालिकाले तोकिए बमोजिम Sub-National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा सो गरेको छैन ।<br>• महालेखा नियन्त्रक कार्यालयबाट जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>• विगत वर्षको बेरुजु लगत अद्यावधिक गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br><br>अतः तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| **१७.** | **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ र ७८ अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै नियमित गराउनु पर्ने नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्ने असुल उपर गरी बेरुजु लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आ.व.२०७५।७६ को आन्तरिक लेखापरीक्षण गराएकोमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएको वेरुजुको प्रभावकारी कारवाही गरेको छैन । ऐनमा भएको व्यबस्था कार्यान्वयन गर्नुपर्दछ । | |
| **१८.** | **आ.ले.प.शाखा :** प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १९. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| २०. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| २१. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्ने गरेको देखिएन । तसर्थ कानूनको परीपालना गर्नु पर्दछ । | |
| २२. | **तलबी प्रतिबेदन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले पालिका अन्तरर्गतका (विषयगत बाहेक) कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.१,११,३६,०००। तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

२३. **कर्मचारी व्यवस्था :** कार्यालयले उपलब्ध गराएको स्वीकृत दरबन्दी विवरण अनुसार स्थायी कर्मचारीको दरवन्दी ३३ रहेता पनि पदपूर्ति ५ मात्र रहेको देखियो । रा.प.तृतिय अधिकृतसहित २८ पद रिक्त रहेका छन् । ति मध्ये ६ जना करारमा राखी कार्यसञ्चालन गरिएको छ । जनशक्तिको अभावमा गाउँपालिकाको कार्यसम्पादन र सेवाप्रबाहमा समेत असर परेकाले दरबन्दी अनुसार पदपूर्ति गरिनुपर्दछ ।

२४. **वडा सचिवको पदपूर्ति :** गाउँपालिका अन्तर्गका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वडा सचिवको दरवन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | १ | ६ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाका ७ वटा वडा सचिव मध्ये १ जनाको पदपूर्ति भई ६ जनाको दरबन्दी रिक्त रहेको छ । यसले गर्दा वडापालिकाको काम कारबाहीमा प्रभावित हुने तथा दैनिक प्रशासनिक कार्यमा बाधापर्ने हुनाले यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखियो ।

२५. **चौमासिक खर्चः** गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः

| क्र. सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | नेपाल सरकार सशर्त अनुदान | १०,५६,२४,११३। | २,६१,१३,३७९।३० | २,३९,८४,९३२।५० | ५,५५,२५,८०१।२० | २,८९,२४,२३८।४० |
| २ | नेपाल सरकार समानीकरण अनुदान | ७,१३,२०,३००। | १०,००,०००। | २,०४,२६,६७८। | ४,९८,९३,६२२। | ४,६२,८१,९४६। |
| ३ | प्रदेश सरकार समानीकरण अनुदान | ६४,२०,०००। | ०।० | १५,१३,०००। | ४९,०७,०००। | २५३५०००। |
| ४ | प्रदेश सरकार विशेष अनुदान | ८,२०,०००। | ०।० | ०।० | ०।० | ०।० |
| ५ | आन्तरिक श्रोत र राजस्व वाडफाड | ८,२८,०१,४२९।३७ | ५४,४४,७९०। | २,०१,९४,८६२।२५ | ५,७१,६१,७७७१२ | २४२८५२०२।५२ |
| ६ | गरीबसंग बिश्वेश्वर | ३,७९,३३६। | ०।० | ९१,०००। | २,८८,३३६। | २,३६,३३६। |
| ७ | जेष्ठ नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यकम | ४,५१,१६,६००। | १,४१,९०,४००। | १,२५,३२,६००। | १,८३,९३,६००। | १,८३,९३,६०० |
| ८ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यकम - केन्द्र) | ३,०५,०००। | १,१४,३५०। | ९१,५००। | ९९,१२५। | ९९,१२५। |
| ९ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यकम | ११,६२,८४३।०० | ० | ३,६०,०००। | ८,०२,८४३। | ८,०२,८४३। |
| १० | प्रधानमन्त्री रोजगार | ४६,९९,९३१। | ० | ० | ४६,९९,९३१। | ४६,९९,३२१। |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | |
| ११ | बहुक्षेत्रीय पोषण कार्यक्रम | १४,२१,५४०। | ०।० | ४,२९,९५०। | ९,९१,५९०। | ६,७०,९३६। |
| १२ | सेवा निवृत औषधि उपचार तथा संचित बिदा | ११,६०,३९३। | ०।० | ०।० | ११,६०,३९३। | ०।० |
| १३ | राष्ट्रिय योजना आयोग | १,५६,०००। | | १,२६,०००। | ३०,०००। | ०।० |
| | **जम्मा** | ३२,१३,८७,४८५।३७ | ४,६८,६२,९१९।३० | ७,९७,५०,५२२।७५ | १९,४७,७४,०४३।३२ | १०,०८,९६,७४७९२ |
| | **प्रतिशत** | **१००** | **१५** | **२५** | **६०** | **३१** |

गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३२ करोड १३ लाख ८७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड ६८ लाख ६३ हजार अर्थात १५ प्रतिशत, दोश्रो चौमासिकमा रु.७ करोड ९७ लाख ५० हजार, अर्थात २५ प्रतिशत र तेश्रो चौमासिकमा रु.१९ करोड ४७ लाख ७४ हजार, अर्थात ६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ८ लाख ९६ हजार अर्थात ३१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**२६.** **प्रशासनिक खर्चः** कुल आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको सीमा निर्धारण गरी खर्च गर्नुपर्नेमा सो सीमा निर्धारण नगरेकोले कुल आय १७,४१,०१६।२५ को शत प्रतिशत नै प्रशासनिक खर्च गरेको पाईयो । यस्तो खर्चको सीमा निर्धारण गर्नु पर्दछ ।

**२७.** **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार ६ वटा ऐन, ४ वटा नियमावली र १३ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरण तर्फ** | |
| १. | जन्मदर्ता | ४०३१ |
| २. | मृत्यू दर्ता | १२२ |
| ३. | बसाईसराई दर्ता | ३०२ |
| ४. | बिबाहदर्ता | १४३ |
| | **अन्य सिफारिस** | |
| ५. | नागरिकता सिफारिस | ८१२ |
| ६. | नाता प्रमाणित | ३१३ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार गाउँपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको स्थिति सन्तोष जनक नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| २८. | **न्यायिक समिति र न्याय सम्पादन :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ । | |

| दर्ता भएका विवाद | फछ्र्यौट भएका विवाद | फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|
| ३१ | ३१ | ० |

| | | |
|---|---|---|
| | **कार्यक्रमगत खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| २९. | **लक्ष्य प्रगति :-** कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका २९२ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/ योजना | यो वर्ष कुलकार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्यप्रगति कार्यक्रम | २५% सम्म प्रगति भएका कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५% सम्म प्रगति कार्यक्रम |
| **मूलकार्यक्रम सङ्ख्या** | २९२ | १० | ० | ५ | २७७ |

| | | |
|---|---|---|
| ३०. | **योजनागत लक्ष्य प्रगति** : यस गाउँपालिका अन्तर्गत २०७५।७६ मा क्षेत्रगत तथा समानीकरण अनुदान समेत २९२ योजना स्वीकृत गरेका योजनामा १० वटा योजनामा शुन्य प्रगति, ५ वटा योजनामा ५० प्रतिशत प्रगति र २७७ वटा योजनाहरुमा ७५ प्रतिशत भन्दा माथि प्रगति भएको उल्लेख छ । शुन्य तथा कम प्रगतिका सम्बन्धमा गाउँपालिकाले स्पष्ट गरेको छैन । अतः कार्यान्वयन योग्य योजना तथा कार्यक्रमको पहिचान गरी समयमै योजना सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३१. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलप्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने ब्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने ब्यवस्था छ । सो अनुसार दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचि तयार गरेको पाईएन । योजना तयारी सम्बन्धी उक्त ब्यवस्थाको पालना गरिनु पर्दछ । | |
| ३२. | **सभाको निर्णय कार्यान्वयन-** मिति २०७५।३।३२ मा सम्पन्न गाउँपालिकाबाट पारित विभिन्न क्षेत्रगत २९२ वटा कार्यक्रमको कार्यान्वयनको स्थितिसहितको सभाको निर्णय र प्रतिवेदन माग गरिएकोमा उपलब्ध हुन सकेन । अत सभाको निर्णय कार्यान्वयन स्थिति प्रतिवेदन तयार गरी वर्षान्तमा समिक्षा गर्नुपर्दछ । | |
| | **राजश्व तथा आन्तरिक आयको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३३. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ ।। | |
| ३४. | **रसिद नियन्त्रण खाता :** कार्यालयले राजस्व असूली तथा आन्तरिक आम्दानी गर्दा नगदी रसिदको प्रयोग गर्नुपर्ने र नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने व्इबस्था छ । कार्यालयले नगदी रसिद छपाई, गत वर्षको मौज्दात र खर्च तथा जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । कतिपय वडाले आफैंले छापाई गरेर समेत रसिदको प्रयोग गरेको पाइयो । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३५. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएतापनि यस्तो कर संकलन गरेको छैन । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३६. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा  ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३७. | **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने ब्यवस्था रहेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७५ ले अनुसूची ४ अनुसार ब्यवसाय कर लगाई असुल गर्ने उल्लेख छ । यस गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत राखी उक्त लगत अद्यावधिक गरी लगतमा भएका सम्पूर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाइएन । गाउँपालिका क्षेत्रभित्रका व्यवसायलाई व्यवसायीको अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ३८. | **राजश्व दाखिला** : प्रदेश आर्थिक कार्यविधि ऐन अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अर्न्तगत ७ वटा वडा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण पेश गरेको छैन । | |
| ३८.१. | गाउँपालिका भित्र संकलन हुने विभिन्न किसिमका कर,सेवा शुल्क,दण्ड,जरिवाना र अन्य राजस्वको व्यवस्थित अभिलेख राख्नु पर्दछ । गाउँपालिका भित्र संकलन हुने विभिन्न राजस्वहरुमा गाउँपालिका कार्यालयबाट उठाइने राजस्वको संकलन भएको रकम भन्दा कम रकम बैक दाखिला गरेकोले सम्बन्धित व्यक्तिबाट असूल गरी राजस्व आम्दानी खातामा दाखिला गर्नुपर्ने रु. | ३१४५४१.१६ |

| संकलन कर्ता | संकलित रकम | दाखिला रकम | दाखिला गर्न बाँकी रकम | कैफियत |
|---|---|---|---|---|
| २ नं.वडा | ४०५१७७.३८ | १००५७९.२५ | ३०४५९८.१३ | |
| ४ नं.वडा | १४१११०.५३ | १३१९५० | ९१६०.५३ | |
| | रसिद नं.१३४८ को २००,१३४९को रु.१००,१३५० को रु.३०० र २१३ को रु.१८२।५० नजोडिएको | | ७८२.५० | र.नं.२२०,२६९को अधकट्टी लगेको तर रकम नखुलेको |
| | | जम्मा | ३१४५४१.१६ | |

गाउँपालिकाका कतिपय वडाहरुमा वडा पालिकाले आफै नगदी रसिद छपाई गरेर प्रयोग गर्ने, गत वर्षको बाँकी यो वर्ष जिम्मेवारी नसारी प्रयोग गरेको देखियो । यसरी गाउँपालिकाबाट बुझेको बाहेक आफै छपाई गरी प्रयोग गरेको कारण जम्मा राजस्व के कति उठ्ने हो सोको एकिन गर्न सकिएन । कतिपय विषयगत शाखाबाट प्रयोग हुने रसिदको श्रेस्ता लेखापरीक्षणमा पेश नभएकोले एकिन गर्न सकिएन । अतः यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | **खरिद व्यबस्थापनको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| ३९. | **बार्षिक खरिद योजना/ गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,५६,३८,३०४। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ४०. | **सवारी साधन खरिद**–स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को दफा ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनका लागि सवारी साधन खरिद गर्न नसकिने व्यवस्था छ । नगर पालिकाले यस वर्ष १ वटा व्याकहोलेडर , १ वटा ट्याक्टर र २ वटा मोटरसाईकल खरिद गरी निम्नानुसार रु. ७२ लाख ७४ हजार खर्च गरेको छ । (तालिका तल) उपरोक्त बमोजिम गाउँपालिकाको आफ्नो आन्तरिक आय रु.१७,४१,०१६।२५ मात्र भएको अवस्थामा वित्तीय समानीकरण अनुदानबाट सवारी साधनमा यति ठुलो धनराशि खर्च गरेको नियमसम्मत देखिएन । | |
| ४१. | **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | व्याकहोलेडर | १ | ४३००००० |
| २ | ट्याक्टर | १ | २४००००० |
| ३ | मोटरसाइकल | २ | ५७४००० |
| | जम्मा | | ७२७४०००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ४२. | **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनी व्यवस्थाको पालना भएको पाईएन । | |
| ४३. | **उपभोक्ता समिति छनौट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समूदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्रही समूदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने ब्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा सम्झौताबाहेक सम्झौतापूर्वका उक्त प्रकृया पालना गरेको कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ । | |
| ४४. | **खर्च अनुमोदन–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट सञ्चालित योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका र बिल भुक्तानीको लागि प्राविधिक मूल्याङ्कन पेश गर्ने गरेको भएता पनि अन्य बिल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिको पूर्ण बैठकबाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण पेश गर्ने गरेको छैन । कार्यालयले समेत अनुगमन समितिको खाली प्रतिवेदनमा हस्ताक्षर गरेको आधारमा खर्चको सुनिश्चितता यकिन गरी भुक्तानीको लागि पेश गर्ने गरेको अवस्था देखिन्छ । नियमको प्रावधानबमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी एवं यथार्थपरक बनाउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ४५. | **योजना हस्तान्तरण**: निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गर्नुपर्नेमा कार्यालयबाट सञ्चालित बार्षिक विनियोजन भएका योजनाहरु उपभोक्ता समितिमार्फत सञ्चालन भएका सम्झौता अनुसारको कार्यको मात्र कार्य सम्पन्न प्रतिवेदन बनाई बार्षिक कार्यक्रम अनुसारको योजना सम्पन्न भएको यकिन गर्ने प्राविधिकहरुको प्रबृत्तिका कारण योजना पूर्ण रुपमा सम्पन्न हुने स्थिति नरहेको देखियो । योजनाहरु सम्पन्न भैसकेपश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका योजना सम्बन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारीसमेतको हस्तान्तरण गर्ने गरेको छैन । समयमा नै निर्माण कार्य सम्पन्न गरी आयोजनाहरुको स्वामित्व उपभोक्ता समिति मै रहने गरी हस्तान्तरण गर्ने कार्यमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | |
| **४६.** | **सार्वजनिक तथा सामाजिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवाप्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई भए तापनि सामाजिक परीक्षण भए गरेको पाईएन । ऐनले तोकेअनुसार कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने व्यवस्था सुरु गर्नुपर्ने देखिन्छ । | |
| **४७.** | **गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट निर्माण भएका संरचनाहरु खरिद गरिएका यन्त्र उपकरण, ल्यापटप ग्याबियन सिमेन्ट पाईप लगायतको भुक्तानी गर्दा सामानको गुणस्तर परीक्षण गरेको छैन । अत: खरिद भएको निर्माण सामाग्री लगायतका यन्त्र औजार लगायतका सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ । | |
| **४८.** | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँ सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७५/७६ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| रु.१ लाख सम्म | रु. १ देखि २ लाख सम्म | रु. २ देखि ५ लाख सम्मका | रु. ५ देखि १० लाख सम्मका | रु. १० लाख भन्दा बढिका | जम्मा |
|---|---|---|---|---|---|
| ५४ | ५५ | ९५ | २१ | १६ | २४१ |

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु ५० हजार देखि रु.१ करोड सम्मका जम्मा २४१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ४९. | **कन्टिन्जेन्सी खर्चको अभिलेख–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ५०. | **उपभोक्ता समितिबाट निर्माण कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउदा सम्पूर्ण निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर मेशिनको प्रयोग गर्न नहुने उल्लेख छ । नियमावलीको नियम ९७ (११) अनुसार उपभोक्ता समितिका लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको नापजाँच गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको अंशसमेत कुलखर्चको विवरण सो निकायमा भुक्तानीको लागि पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले यस वर्ष समानीकरण तथा सशर्त अनुदान (पूँजीगत) तर्फ सञ्चालित कार्यक्रमको विनियोजन भएको बजेट अनुसारको योजनागत सम्झौता सम्पन्न भएको उल्लेख छ । कार्यालयले अभिलेखको रुपमा ई.नापी कितावमा निर्माण कार्यमा लोडर, एक्साभेटर लगायतका मेशिन प्रयोग गर्ने गरी स्वीकृत लागत अनुमान अनुसार उपभोक्ता समितिलाई गएको भुक्तानीतर्फको सम्झौता अंकबाट कुल मूल्याङ्कन भएको कामको मूल्यमा ८० प्रतिशत यकिन गरी सम्झौता भएअनुसारको पुरै रकम भुक्तानी दिई बिलको मुल्याङ्कनमा बाँकी हुन आउने रकम एकमुष्ट उपभोक्ताको तर्फबाट भएको श्रमदानको अंश भनि उल्लेख गरेको देखियो ।<br><br>यसरी मूल्याङ्कन गर्दा अधिकाशं योजनामा कुल काम कम देखिँदा उपभोक्ताको अंश न्यून देखिने अवस्था भएकाले स्वीकृत लागत अनुमानभन्दा वास्तविक कामको मूल्याङ्कन बिल अधिक देखाई कार्यालयबाट भुक्तानी हुने अंश पुरै भुक्तानी दिने र उपभोक्ताको अंश कम देखिने समस्यालाई टेवापुग्ने गरी लागत अनुमानभन्दा बढी कामको बिल बनाई पेश गर्ने गरेको अवस्था देखियो । उपभोक्ता समितिलाई भेरिएशन स्वीकृत गर्न नमिल्ने नियमावलीको ब्यवस्था विपरीत प्राविधिकहरुले लागत अनुमानभन्दा बढीको उपभोक्ता समितिको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | कामको विल तयार गरी भुक्तानीका लागि सिफारिस गर्ने गरेकाले यस्तो प्रबृतिमा नियन्त्रण हुनु पर्दछ । | |

**५१.**

**इन्धन :** उपभोक्तालाई सम्झौता अनुसार कार्य सम्पन्न भएपछि रकम भुक्तानी गर्नु अगावै उपभोक्ताले खरिद गरिएको विल र सामानको परिमाण समेत जाँच गर्नुपर्दछ । देहायका उपभोक्ताले सडक निर्माण कार्य गरिसके पछि रकम भुक्तानी को लागि पेश गरेको केही रकम भुक्तानी सम्बन्धि विल परीक्षण गर्दा लगबुकमा उल्लेख भएको जे.सि.वि/एक्साभेटर र प्रयोग गरेको घण्टा र प्रतिघण्टा खपत हुने अधिकतम इन्धनको परीमाण बीच बिश्लेषण गर्दा रकम बढी लिने उद्देश्यले आवश्यक गर्नेभन्दा बढी परिमाणका. डिजेलको विल राखी वास्तविक लाग्ने परिमाण डिजेल(इन्धन) को खर्च लिएको देखिदा तल उल्लेख गरिएका र लेखापरीक्षणले नसमेटिएका यस्तो खर्च तहाँबाटै छानविन गरी बढी खर्च भए सम्बन्धित उपभोक्तालाई जिम्मेवार बनाई असुल गर्नुपर्ने र देहाय अनुसारको बढी इन्धन खर्च (अधिकतम प्रतिघण्टा ८ र २५ लि छोडी) सम्बन्धित उपभोक्ताबाट प्रति लिटर रु.९६.९९ को दरले उपभोक्ताको अनुपातिक अशं कट्टी गरी बढी भुक्तानी असुल गर्नुपर्ने रु.

रकम: ८६४०८३/९१

| भौ.नं./मिति | उपभोक्ताको नाम | कार्य घण्टा | खरिद गरेको इन्धन | लाग्ने इन्धन | बढी इन्धन | रकम |
|---|---|---|---|---|---|---|
| २२९/०७६/३/१७ | लामीखाल देवी वारकाडा सम्म सडक नि.उ.स( प्रतिघण्टा२५ लि.) | १९० | ७५६५ | ४७५० | २८१५ | २७३०२६.८५ |
| २१६/०७६/३/१५ | बजेडी बाईन काडा सडक नि.उ.स ( प्रतिघण्टा८ लि.) | २७५ | ३८२० | २२०० | १६२० | १५७१२३.८० |
| २०२/०७६/३/११ | घाटी खोला देखी रेजुला सडक नि.उ.स.( प्रतिघण्टा८ लि.) | १५९ | ३००० | १२७२ | १७२८ | १६७५९८.७२ |
| ६६/०७५/१२/३ | स्याला सडक किमडा सडक नि.उ.स.( प्रतिघण्टा२५ लि.) | १५० | ५३७६ | ३७५० | १६२६ | १५७७०५.७४ |
| २६९/०७६/३/२४ | प्रेम स्मृति पर्यटकिय ताल नि.उ.स.( प्रतिघण्टा८ लि.) | ६० | १६०० | ४६० | ११२० | १०८६२८.८० |
| | | | | | जम्मा | ८६४०८३.९१ |

**५२.**

**मू.अ.कर बेगर भुक्तानी :** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १७ मा मू.अ.करमा दर्ता भएको फर्मले रितपूर्वक विल जारी गर्नुपर्दछ । विल जारी नगरी रकम लिएमा भुक्तानी लिएको रकम भित्र रहेको मू.अ.कर रकम सम्बन्धित फर्मले आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्दछ । उपभोक्ता समितिले सडक निर्माण गर्ने सिलसिलामा प्रयोग गरेमा विभिन्न कम्पनीको एक्साभेटरका फर्मले एक्साभेटर डोजर प्रयोग गरे वापत सेतो कागजमा भरपाई दादै गरी उपभोक्तासँग रकम बुझेको देखियो । यसरी मू.अ.करमा दर्ता भएका फर्मले रितपूर्वकको कर विजक जारी नगर्दा नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मू.अ.कर असुल नभएको देखियो । त्यस्ता एक्साभेटर एवं डोजरको भाडामा भाडा कर १० प्रतिशत कट्टी गर्ने गरेको पनि देखियो । उपभोक्ताले डोजरमा प्रयोग हुने तेल छुट्टै विलबाट खरिद गरी डोजरमा प्रयोग गरेको अवस्थामा नेपाल सरकारलाई प्राप्तहुनुपर्ने १३ प्रतिशत मू.अ.कर छुट भएको हुदाँ सम्बन्धित निर्माण व्यवसयी मार्फत छुट भएको मू.अ.कर ऐन, २०५२ अनुसारको मू.अ.करमा लाग्ने जरिवाना समेत हिसाव गरी छुटकर छानविन गरी असुल गर्नुपर्ने

रकम: ६०८८४२/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

रु.

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | विल रकम | मू.अ.कर |
|---|---|---|---|---|---|
| २१६/०७६/३/१५ | बजेडी बाहुन काडा सडक नि.उ.स | ९६९१८८ | आर.डि कन्स्ट्क्सन | ७३००८८.५ | ९४९११.५०५ |
| २०२/०७६/३/११ | घाली खोला देखी रेजुला सडक नि.उ.स. | १४५४००० | भोज लुहार | ४२२१२३.९ | ५४८७६.१०७ |
| १७८/०७६/३/२ | काटी खोला नि.उ.स. | २९०४७६ | ओम सिभाईल कन्स्ट्क्सन(६०२१४७२६४) | २४३२९२.०३ | ३१६२७.९६३९ |
| १५३/०७६/२/२० | स्वा खोला नमोदेव मन्दिर सडक नि.उ.स | ४२८६०३ | कफली टेक्नीकल ट्रेडिङ्ग इन्स्टिच्युट प्रा.लि.(६०६८८९५९३) | ९०२६५.४८ | ११७३४.५१२४ |
| ५८/०७५/१२/०१ | भुवाकौट ककानी देवाग सडक नि.उ.स | ४८०७७९ | घोडा घोडि केवि कन्स्ट्क्सन(६०६८०८८२४) | २५२२१२.३८ | ३२७८७.६०९४ |
| ७२/०७५/१३/४ | आकासे पानी संकलन पोखरी नि.उ.स | ४८४९७५ | घोडा घोडि केवि कन्स्ट्क्सन(६०६८०८८२४) | १३२७४३.३६ | १७२५६.६३६८ |
| २६२/०७६/३/२४ | पोखरी निर्माण उ.स.वडा नं.१ | ४८४५४३ | जगन्नाथ कन्स्ट्क्सन | ९४९११.५ | १२३३८.४९५ |
| ८/०७५/९/२६ | ग्रामिण सडक मर्मत नि.उ.स. २ नं.वडा | १९१९१२१ | घोडा घोडि केवि कन्स्ट्क्सन(६०६८०८८२४) | ४९५५७५.२२ | ६४४२४.७७८६ |
| ५/०७५/९/५ | माडी स्याउले ऐलीकहा गिरी चौका सडक नि.य.उ.स. | २०१००१९ | गुरु कृपा कन्स्ट्क्सन(६०४०८५९४८) | १९८११२५.७ | २५७५४६.३३६ |
| ३९/०७५/१०/२९ | देउरीगरा मनेकोट सडक नि.उ.स | २८६०८० | कफली टेक्नीकल ट्रेडिङ्ग इन्स्टिच्युट प्रा.लि.(६०६८८९५९३) | २४१०६१.९५ | ३१३३८.०५३५ |
| | | | | **जम्मा** | **६०८८४१.९९** |

**५३.**

**बढी भुक्तानी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताबाट कार्य गराउदा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले व्यहोर्नु पर्नेमा रकम खुलाई सम्झौता गर्नु पर्दछ । एक्साभेटरबाट सडकको नयाँ ट्र्याक खोल्ने वा सडक सफा गर्ने कामको लागि उपभोक्ता र कार्यालय बीच सम्झौता भई कार्य सम्पन्न भएपछि उपभोक्ता समितिले पेश गरेको केही विल भरपाई परीक्षण गर्दा तोकिएको परिमाणको कार्य गर्न एक्साभेटरको वास्तविक भाडा र इन्धन बाहेक खर्च भएको देखिदैन भने कार्य सम्पन्न भएको विलमा उपभोक्ताले श्रमदान गरेको वा मेशिनबाट भएको काम बाहेक श्रमको उपयोग गरेको देखिदैन । यसबाट कार्यालयले उपभोक्तासँग गरेको सम्झौता भन्दा न्युन दरमा काम सम्पन्न भएको देखिन्छ । कार्यालयले उपभोक्तालाई रकम भुक्तानी दिनु पूर्व खर्चभएको बास्तविक विल भपाई जाँच गरी वास्तविक खर्चमा उपभोक्ताले सम्झौता अनुसार व्यहोर्नुपर्ने २० प्रतिशत रकम कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | वास्तविक लागत भन्दा बढी र उपभोक्ताले व्यहोनु पर्ने रकम कट्टा नगरी रकम भुक्तानी दिदाँ गाँउपालिकालाई थप व्ययभार पर्न गएको देखियो । लेखापरीक्षणले नसमेटिएका यस्ताखालका भुक्तानी समेत तहाँबाट छानविन गरी उपभोक्तालाई बढी भुक्तानी भएको असुल गर्न र देहाय अनुसारका उपभोक्ताबाट वास्तविक खर्चको आधारमा बढी भुक्तानी भएको तथा उपभोक्ताको अशं समेत असुल गरी राजस्व दाखिला गर्नु पर्ने रु. | १७३७३२/८० |

| भौ.नं./मिति | उपभोक्ताको नाम | दिनुपर्ने भुक्तानी | दिएको भुक्तानी | बढी भुक्तानी | उपभोक्ताको नपुग अशं | जम्मा |
|---|---|---|---|---|---|---|
| २७७/०७६/३/१४ | देही माण्डौ डोभरपातल मम्डोरा सडक निर्माण उ.स | ३९२००० | ३८७२५२ | -४७४८ | ७८४०० | ७३७५३ |
| ५८/०७५/१२/१ | मुवाकौट ककानी दोवाज सडक नि.उ.स. | ४७५९९९ | ४८०७७९ | ४७८० | ९५१९९.८० | ९९९७९.८० |
| | | | | | जम्मा | १७३७३२.८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ५४. | निम्न भौ नं.र मितिबाट पाइप लागायतको सामान खरिद गरेको देखियो । सामान खरिद पश्चात दाखिला गर्नुपर्ने र आवश्यकताको आधारमा माग फाराम भरी प्रयोग गर्ने र प्रयोग गरेपछि सोको नापी एवं कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । खरिद गरिएका पाईप लगाएतको सामान दाखिला नभएको एवं प्रयोग भएको नापी एवं कार्य सम्पन्न प्रतिवेदन समेत नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु. | ५७७२१८/- |

| भौ.नं./मिति | खरिद गर्ने | सामान सप्लायर्स | सामानको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| २९३/०७६/३/२५ | ६ नं.वडा | वड्डा सप्लायर्स | ९५० मिटर पाईप | ९०८५२ |
| ३००/०७६/३/२५ | ना.प्रा.स.खेमराज पाठक | वड्डा सप्लायर्स | पाईप | २८०००० |
| ३१९/०७६/३/२५ | वडा अध्यक्ष नरेन्द्र ब.रोकाया | वड्डा सप्लायर्स | पाईप | २०६३६६ |
| | | | जम्मा | ५७७२१८/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ५५. | २८५।०७६।३।२४ घुम्स गाजरी सिचाई कुलो निर्माण उपभोक्ता समितिलाई सिचाईको काम सम्पन्न गरेवापत रु.४८१६०३। भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा एच.डि पि.९० एम.एमको ६ केजी पाईप १३५८ केजी प्रतिकेजी रु.३१८।३६ मूल्य राखी विलमा रु.४३२५९१। भुक्तानी लिएको देखियो । उपभोक्ताले पशुपती ट्रेडिङ्ग एण्ड सप्लायर्सबाट रु.४२१३५० र ढुवानी रु.७०००। सहित रु.४२७३५०। मात्र लागत मूल्य देखिदा रु.५२४१। बढी भुक्तानी भएको देखिदा बढी भुक्तानी भएको उपभोक्ताको अनुपातिक कट्टी गरी असुल उपर गर्नुपर्ने रु. | ५२१४/- |
| ५६. | २६२।०७६।३।२४ आदर्श वडा १ मा पोखरी निर्माण उपभोक्ता समितिलाई पोखरी निर्माण गरेवापत रु.४८४५४३। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको संलग्न फाँटवारीमा ढुंगाको १०८.९५ घनमिटर सुख्खा पर्खाल वापत प्रति घनमिटर रु.४४१६.३१ राखी भुक्तानी दिएको देखियो । संलग्न फाँटवारीको दर विश्लेषणमा प्रति घनमिटर रु.८०२.१२ थप लिड राखी विश्लेषण गरेकोले प्रति | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | घनमिटर रु.८०२.१२ ले १०८.९५ घनमिटरको रु.८७३९०।९७ बढी भुक्तानी भएको देखिन आयो । तसर्थ बढी भुक्तानी उपभोक्ताको अनुपातिक कट्टी गरी बढी रकम उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु. | ८७३९०/- |
| ५७. | २५१।०७६।३।२० कालिका बालविकास केन्द्र निर्माण उपभोक्ता समितिलाई भवन निर्माण कार्य गरेवापत रु.६७०८९२। भुक्तानी दिएको छ । उपभोक्ता समितिले पेश गरेको विलमा अर्चना फर्निचर उद्योगबाट तयारी चौकोस रु.१६२७२। मा खरिद गरेको देखियो । तर ठेक्का विलमा ५१०२१।९१ चढाई भुक्तानी लिएको हुदाँ बढी भुक्तानी भएको रु.३४७४९।९१ उपभोक्ताको योगदानको अशं कट्टा गरी बढी भुक्तानी उपभोक्तासँग असुल गर्नुपर्ने रु. | ३४७४९.९१ |
| ५८. | २४०।०७६।३।१९ स्याउले लामिखाल सडक स्तर उन्नती निर्माण उपभोक्ता समितिलाई सडक निर्माणको काम गरेवापत रु.१४५४१००। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको खरिद विल अनुसार कटिङ्गको काम काफल टेक्निकल ट्रेडिङ्ग इन्स्टिच्यूट प्रा.लि.बाट गराउदा रु.१६६९०१०। मात्र लागेकोमा रु.१७१३६८४। को विल राखी भुक्तानी लिएको देखियो । तसर्थ वास्तविक खर्च भन्दा रु.४४६७४। बढी भुक्तानी हुन गएको हुदाँ उक्तबाट बढी भुक्तानी भएको रकम अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | ४४६७४/- |
| ५९. | २२१।०७६।३।१६ सामुदायिक स्वास्थ्य केन्द्र इकाइ भवन केन्द्र निर्माण उपभोक्ता समितिलाई भवन निर्माण गरेवापत उपभोक्ताको अशं कट्टी गरी रु.९६७८१०। भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा भवन निर्माणको लागि प्रयोग भएको निर्माण सामाग्री रु.४६४५४९। र मष्टरोलबाट श्रम वापत रु.७१३०००। समेत रु.११७७५४९। खर्च भएको देखियो । सम्फौता अनुसार १५ उपभोक्ताको अशं र ५ प्रतिशत कन्टेन्जेन्सी सहित २० प्रतिशतको दरले २३५५०९।८० कट्टी गरी रु.९४२०३९।२० भुक्तानी दिनुपर्नेमा रु.९६७८१०। भुक्तानी दिएको हुदाँ बढी भुक्तानी भएको रु.२५७७०।८० उपभोक्ताको अनुपातिक कट्टीगरी बढी भुक्तानी लिने उपभोक्ता समितिसँग असुल उपर गर्नुपर्ने रु. | २५७७०.८० |
| ६०. | निम्न लिखित उपभोक्ता समितिसँग निम्न अनुसार काम गरेवापत सम्फौता गरी रकम दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा संलग्न सामाग्री खरिद को विलहरु र श्रम प्रयोग भएको मस्टरोल परीक्षण गरियो । सम्फौतामा संलग्न रहेको दरविश्लेषण अनुसार आर.सि.सि., आइरन, मेसिनरीवाल जस्ता कामको परीमाण भित्र लाग्ने दक्ष तथा अदक्ष कामदार र सामान को परिमाणको गाउँपालिका अनुसारको दररेटबाट लाग्ने वास्तविक लागत पनि परीक्षण भयो । सो अनुसार उपभोक्ताले निर्माण | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>कार्यमा प्रयोग हुने सामाग्री कम ल्याई डोर हाजिर बढी देखाई विल पुर्याउने गरेको देखियो । यस तर्फ कार्यालयबाटै छानविन गरी वास्तविक सामाग्री खरिद गरेको मात्र विलको भुक्तानी हुनुपर्नेमा बढी रकम भुक्तानी भाएको हुदाँ छानविन गरी असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं./मिति</th><th>उपभोक्ताको नाम</th><th>कामको विवरण</th><th>हुनुपर्ने सामाग्रीको मूल्य</th><th>खरिद सामाग्रीको मूल्य</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२०९/०७६/३/११</td><td>नगरदह नागदेव मन्दीर जानेबाटो नि.उ.स</td><td>बाटो निर्माण</td><td>३००४७१</td><td>१५१७८७</td><td>१४८६८४</td></tr>
<tr><td>२०८/०७६/३/११</td><td>पाताल खोला बाटो तथा पुल नि.उ.स</td><td>बाटो निर्माण</td><td>३७७४७८</td><td>२९२२२३</td><td>८५२५५.८०</td></tr>
<tr><td>१६८/०७६/२/२७</td><td>दुर्गा मन्दीर घेरावार नि.उ.स</td><td>घेरावार</td><td>११९३१८६</td><td>१०२६७७०</td><td>१६६४१६</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४००३५५.८</td></tr>
</table></td><td>४००३५५/-</td></tr>
<tr><td>६१.</td><td>२०८।०७६।३।११ पातलखोला बाटो तथा पुल निर्माण उपभोक्ता समितिलाई बाटो निर्माण वापत रु.६७१०६९। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा सम्झौता अनुसार कार्य सम्पन्न प्रतिवेदनको आधारमा १५ प्रतिशत उपभोक्ताको अशं र ५ प्रतिशत कन्टेन्जेन्सी सहित २० प्रतिशत कट्टा गरी रकम भुक्तानी दिने उल्लेख छ । संलग्न फाँटवारीमा उपभोक्ताको खुद काम रु.८१८१९९।७२ भएकोले उभोक्तालाई २० प्रतिशत कट्टा गरी रु.६५१३५९।७७ भुक्तानी दिनुपर्नेमा रु.६७१०६९। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१९,७०९।२२ उपभोक्तासँग अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु.</td><td>१९७०९.२२</td></tr>
<tr><td>६२.</td><td>२०२।०७६।३।११ घाटी खोला रेजुला सम्म सडक निर्माण उपभोक्ता समितिलाई बाटो मर्मत तथा ग्राभेलिङ्ग गरेवापत रु.१४५४२१४। भुक्तानी दिएकोमा निम्न अनुसार देखियो ।</td><td></td></tr>
<tr><td>६२.१.</td><td>उपभोक्ताले पेश गरेको ठेक्का विलमा ६७५४ स्क्वायर मिटर ग्राभेलको काम भएको उल्लेख छ । ६७५४ स्क्वायर मिटर ग्राभेल नापी अनुसार(६७५४×०.०७५) को ५०६.५५ घनमिटर हुन आउने देखियो । एक ठूलो ट्याक्टरले एक टिपमा २.५ घनमिटर ग्राभेल वोक्ने र सोही परिमाणको अनुपातमा २०३ टिप ग्राभेल हुन आउने देखियो । गाउँपालिकाको दररेट तथा दर विश्लेषण अनुसार प्रति टिप अधिकतम रु.१०००। ले(४ कि.मिबाट ल्याउनुपर्ने) रु.२०२६२०। ट्याक्टर भाडा लाग्ने देखियो । उपभोक्ताले सेतो कागजमा भर्पाई दादै वनाई रु.५६००००। भाडा रकम लिएको देखिदा बढी भुक्तानी भएको रु.३७५३८०। उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td>३७५३८०/-</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ६२.२. | उपभोक्ताले पेश गरेको फाँटवारीमा लागत अनुमान १७६४७१४।७८ भएकोमा खुदकाम १७६३७८१।६० रहेको छ । सम्झौता अनुसार २० प्रतिशत उपभोक्ता समितिको योगदान र ५ प्रतिशत कन्टेन्जेन्सी सहित २५ प्रतिशत कट्टी गरी रकम दिने उल्लेख छ । सोही सम्झौता अनुसार नापीको आधारमा खुद काम भएको रु.१७६३७८१।६० को २५ प्रतिशत कट्टी गरी रु.१३२२८३६।२० मात्र भुक्तानी दिनुपर्नेमा रु.१४५४२१४। भुक्तानी दिदा उपभोक्तालाई रु.१३१३७७।८० बढी भुक्तानी हुन जाने देखियो । तसर्थ बढी भुक्तानी भएको रकम उपभोक्ताबाट असुल उपर हुनुपर्ने रु. | १३१३७७.८० |
| ६३. | १९९।०७६।३।१० दहकालिका स्थान केजुला गिरी चौका सडक निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार बाटो निर्माण तथा ग्यावियनको काम गरेवापत रु.३८७७९४३। भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा रहेको ठेक्का विलमा सवै प्रकारको २७५११.९५ घनमिटर माटो रु.१४० को दरले मेशीनबाट काटि रु.३८५१६७५।३० र ग्यावियन र मेशिनरीवाल समेत रु.११४४८९१।९३ समेत गरी कुल रु.४९९६५६४।८३ को काम भएको देखियो । उपभोक्ताले पेश गरेको विल विजक परीक्षण गर्दा माटो कटिङ्गको काम आर.आर.एस.कन्स्ट्क्सनबाट कटिङ्ग गरी रु.३०८१३४१। भुक्तानी दिएको छ । तीनकाम मध्ये माटो कटिङ्गको कामको खर्च रु.३८५१६७३।३० राख्दा उपभोक्तालाई दिनुपर्ने भन्दा रु.७७०३३२।३० बढी भुक्तानी भएको देखिन आयो । तसर्थ वास्तविक खर्च भन्दा बढी भुक्तानी भएको रु.७७०३३२।३० सम्बन्धित उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | ७७०३३२.३० |
| ६४. | १९०।०७६।३।८ आकासेपानी संकलन निर्माण उपभोक्तालाई पानी पोखरी निर्माण गरेवापत रु.४८४३४०। भुक्तानी दिएको छ । संलग्न फाँटवारीमा उपभोक्ताले मेशिनबाट ९५८.८० घनमिटर माटो कटिङ्ग गरेवापत काफली टेक्निकल ट्रेडिङ्ग इन्स्टिच्यूट प्रा.लिलाई रु.१०५०९०। भुक्तानी दिएको छ । तर ठेक्का विलमा सोझै खर्च रु.१३४१९०। विल चढाएको हुदाँ वास्तविक खर्च भन्दा बढी खर्च रु.२९१००। भुक्तानी भएकोले बढी भुक्तानी रकम उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | २९१००/- |
| ६५. | १७३।०७६।२।२९ माष्टमाण्डौ मावि भवन निर्माण उपभोक्तालाई भवन निर्माण गरेवापत रु.७६५८४८। भुक्तानी दिएको छ । उपभोक्ताले ठेक्का विलमा चौकोसको मूल्य रु.८६५०४।७४ राखेपनि अर्चना फर्निचर उद्योगबाट तयारी झ्यालढोका रु.५८७६०। मा खरिद गरेको हुदाँ खरिद विल भन्दा रु.२७७४४। बढी भुक्तानी भएको हुदाँ बढी भुक्तानी भएको रु.२७७४४। उपभोक्ता समितिबाट असुल उपर गर्नुपर्ने रु. | २७७४४/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ६६. | १७०।०७६।२।२७ तेडी देउता घर निर्माण उपभोक्ता समितिलाई देवता घर निर्माण गरेवापत रु.११६१३६४। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको ठेक्का विलमा कार्य सम्पन्न प्रतिवेदनमा रु.१४०८६६३।९८ को कार्य अद्यावधिक भएको देखियो । उपभोक्ताले निर्माण सम्बन्धित विल विजक तथा जनश्रमदानको मस्टरोल को खर्च समेत रु.१२०५३१८। मात्र देखिन आयो । यसबाट कूल खर्च रु.१२०५३१८। सम्झौता अनुसार १५ प्रतिशत उपभोक्ता समितिको योगदान कट्टी गरी रु.१०२४५३०।३०श भुक्तानी दिनुपर्नेमा रु.११६१३६४। भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.१३६८४३।७० सम्बन्धित उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु. | १३६८४३.७० |
| ६७. | १४१।०७६।२।१३ उपभोक्तालाई रकम भुक्तानी दिदाँ वास्तविक खर्चको आधारमा सम्झौता अनुसार रकम भुक्तानी दिनुपर्दछ । आडी गाउँ सडक निर्माण उपभोक्ता समितिलाई सडक निर्माण गरेवापत रु.२५१०११७। भुक्तानी दिएको छ । ठेक्का विलमा १९३९०.८१ घनमिटर माटो रु.१४० दरले कटिङ्ग गरेको देखाई रु.२७१४७१३। को काम देखाएको छ । उपभोक्ताले गुरुकृपा कन्स्ट्क्सनबाट सोही काम रु.२५१०२९५। मा गराएको देखियो । कटिङ्ग आइटमको कामको वास्तविक लागत रु.२५१०२९५। मात्र भएको अवस्थामा रु.२७१४७१३। विलमा चढाउदा वास्तविक खर्च भन्दा रु.२०४४१८। उपभोक्तालाई भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम उपभोक्ताको अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने रु. | २०४४१८/- |
| ६८. | ८।०७५।९।२६ आदर्श गाउँपालिकामा ग्रामिण सडक मर्मत उपभोक्ता समितिलाई सडक निर्माण एवं ग्राभेलको कार्य गरेवापत रु.१९१९१२१। उवलव्ध गराएकोमा निम्न अनुसार देखियो । | |
| ६८.१. | उपभोक्ताले पेश गरेको ठेक्का विलमा ४६४१ वर्ग मिटर ग्राभेलको काम भएको देखाएको छ । नर्म्स अनुसार १ वर्ग मिटरमा ०.२ जना अदक्ष कामदार लाग्दछ । सोही नर्म्स अनुसार ४६४१ वर्गमिटर ग्राभेल फिज्न ९२९ जना कामदार लाग्ने देखियो । गाउँपालिका दर अनुसार प्रति कामदारको प्रति दिन रु.५२५। का दरले रु.४८७३०५। लाग्ने देखिन्छ । उपभोक्ताले मस्टरोलबाट रु.८१०६२८। जनाको हाजिर वनाई रु.३२२८९८। बढी भुक्तानी लिएको देखिदाँ नर्म्सभन्दा बढी भुक्तानी लिएको रकम उपभोक्ता समितिबाट असुल उपर हुनुपर्ने रु. | ३२२८९८/- |
| ६८.२. | उपभोक्ताले पेश गरेको फाँटवारीमा ग्राभेलको ढुवानी भाडा वापत भर्पाई दादै गरी रु.६३००००। भाडा भुक्तानी गरेको देखियो । वि.ओ.क्यू.मा उल्लेख भए अनुसार ४६४१ वर्ग मिटिर अर्थात( ४६४१×०.०७५) को ३४८ घनमिटर ग्राभेलको ढुवानी भएको देखिन्छ । एक ठूलो ट्याक्टरले २.५ घनमिटर बोक्ने हुदाँ उक्त ग्राभेल ढुवानी गर्न १४० ट्रिप हुने देखिन्छ । गाउँपालिकाको ४ किमि भित्र | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | ग्राभेल ढुवानी गर्ने अधिकतम दर प्रति ट्रिप रु.१०००। ले १४००००। मात्र भाडा भुक्तानी गर्नुपर्नेमा रु.६३०००० को भर्पाई तयार गरी रु.४९००००। उपभोक्ताले भुक्तानी लिएकोमा बढी भुक्तानी भएको रकममा उपभोक्ताको योगदानको अनुपातिक कट्टी गरी असुल नर्गुपर्ने रु. | ४९००००/- |
| ६९. | **अग्रीम कर** : आयकर ऐन ०५८ को दफा ८८ मा सेवा वा परामर्शको लागि रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि करमा दर्ता नभएकालाई १५ प्रतिशतका दरले अग्रीम करकटी हुनुपर्ने व्यवस्था छ । गाउपालिकाको विभिन्न कार्यमा भुक्तानि दिएको निम्नानुसार का भुक्तानिहरुमा १.५ प्रतिशत मात्र अग्रीम कर कटा गरेकोले नपुग कर रकम सम्वन्धीतवाट असुल गरि संघिय राजस्व खातामा दाखिला गर्नुपर्ने रु | ३२३४८०/- |

| भौ न मिति | कामको विवरण | भुक्तानि पाउने व्यक्ति वा संस्था | भुक्तानि पाएको रकम | कटी हुनुपर्ने | कटी भएको | कटी हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| ४७१/०७६/३/१६ | कृषी तालिम | तेडी दुर्गा कृषी तथा श्रृण सहकारी संस्था | १००००० | १५००० | ४२६८ | १०७७२ |
| ५५५/०७६/३/२४ | सचेतना कार्यक्रम | सुदुर पश्चिम सास्कृतिक समाज | ७०००० | १०५०० | ४३०४ | ६१९६ |
| ५५६/०७६/३/२५ | ,, | सुदुर पश्चिम सास्कृतिक समाज | १००००० | १५००० | ५७३९ | ९२६१ |
| ५५८/०७६/३/२५ | ,, | सुदुर पश्चिम सास्कृतिक समाज | ७५००० | ११२५० | ५३५२ | ५८९८ |
| ४९२/०७६/३/१९ | जातिय विभेद अन्त्य कार्यक्रम | ,, | २००००० | ३०००० | १८५२४ | ११४७६ |
| ५२४/०७६/३/२४ | सिलाई प्रशिक्षण | अशोक डिजाइनर सिलाई कटाइ तथा तालिम सेन्टर | ७००००० | १०५००० | २४५२१ | ८०४७९ |
| ५८२/०७६/३/२९ | ,, | नमादेव सिलाई कटाइ तथा तालिम केन्द्र | ७००००० | १०५००० | ३२०७५ | ७२९२५ |
| ५९५/०७६/५/२९ | सचेतना कार्यक्रम | अपागं सेवा संघ | २००००० | ३०००० | १८०० | २८२०० |
| २१४,५३३,५९४/०७६ /३/२९ | समाचार सम्प्रेषण | डोटी एक्सप्रेस | ४३१०० | ६४६५ | ६४६ | ५८१९ |
| १४७,३६५,५८८/०७६ /३/२९ | ,, | रेडियो अमरगढी ९७.४ | १५०५०० | २२५७५ | २२५८ | २०३१७ |
| ५९९ /०७६/३/२९ | ,, | रेडियो सुदुर आवाज | १७५००० | २६२५० | २६२५ | २३६२५ |
| २४७/०७५/१२/१ | ,, | सुदुर दर्पण साप्ताहिक | १९५०० | २९२५ | २९२ | २६३३ |
| ३६४/०७६/२/१० | ,, | नजर साप्ताहिक | ५५५०० | ८३२५ | ८३२ | ७४९३ |
| ३९२,३९३/०७६/२/२७ | ,, | विम्व साप्ताहिक | ५६५०० | ८४७५ | ८४७ | ७६२८ |
| ६२८/०७६/३/२९ | हाउस | NCDF Nepal | २००००० | ३०००० | ३२२४ | २६७७६ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वायरिङ० तालिम | | | | | |
| २४७,५३/०७५/८/१९ | समाचार सम्प्रेषण | सुदुर दर्पण साप्ताहिक | २९५०० | ४४२५ | ४४३ | ३९८२ |
| | | | | | जम्मा | ३२३४८०/ |

**दैनिक भ्रमण भत्ता तथा पदाधिकारी सुबिधा सम्बन्धी खर्चको लेखापरीक्षणबाट देखिएका व्यहोरा**

**७०.** **दैनिक भ्रमण भत्ता:** कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीलेभ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नूपर्दछ । यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु.१३,२०,७२५। भ्रमण खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेको र भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन । भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको दुरुपयोग हुने जोखिम देखियो । यसर्थ गाउँपालिकाका, नगर प्रमख तथा उपप्रमुख, वडा अध्यक्ष तथा सदस्यहरुले अनुगमनका नाममा रु. .१३,२०,७२५। दैनिक भ्रमण खर्च लिएको देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण हुनुपर्दछ ।

| सि.नं | पदाधिकारीको नाम र पद | वार्षिक भ्रमण दिन | भ्रमण खर्च | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष टेक वहादुर रोकाया | १७७ | २५२७०० | योजना अनुगमन समेत |
| २. | उपाध्यक्ष | १४४ | १८४७२५ | योजना अनुगमन समेत |
| ३. | वडाध्यक्ष नरेश वहादुर खडका | ८४ | १०५००० | योजना अनुगमन समेत |
| ४. | वडाध्यक्ष चन्द्रदेव ओझा | ८४ | १०५००० | योजना अनुगमन समेत |
| ५. | वडाध्यक्ष नरेन्द्र वहादुर रोकाया | १४१ | १६०१५० | योजना अनुगमन समेत |
| ६. | वडाध्यक्ष नारायण सिह पछेरा | ६९ | ८४००० | योजना अनुगमन समेत |
| ७. | वडाध्यक्ष वीरभान धामी | ८४ | १०५००० | योजना अनुगमन समेत |
| ८. | वडाध्यक्ष लाल वहादुर खडायत | ९० | १२४९५० | योजना अनुगमन समेत |
| ९. | वडाध्यक्ष लाल वहादुर विष्ट | १२५ | १५५९५० | योजना अनुगमन समेत |
| १०. | जि.स.स सदस्य डम्वर वहादुर ओली | १७ | २५४०० | योजना अनुगमन समेत |
| ११. | गा.पा सदस्य कल्पना वि.क | १४ | १७८५० | योजना अनुगमन समेत |
| | | जम्मा | १३२०७२५ | |

**७१.** **अनुगमन भत्ता :६२७०७६।३।२९** :कार्यालयका कर्मचारीले नियमित रुपमा गर्नुपर्ने कार्यमा अनुगमन सुपरीवेक्षण गरेवापत भत्ताखर्च लेख्नपाइने व्यवस्था छैन । गाउपालिकाका निम्नानुसारका कर्मचारीहरुले कुन ठाउमा अनुगमन गएको सो समेत उल्लेख नगरि प्रतिवेदन समेत नदिइ विभिन्न मितिमा अनुगमन गरे वापत भत्ता खर्च लेखेको देखिएकोले नियमानुसार नपाउने भत्ता निजहरुवाट असुल उपर गर्नुपर्ने रु.

रकम: १४९६०/-

| सि. नं | नाम थर | दिन | दर | जम्मा | कर कटी | खुद असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १. | प्र.प्र.अ सुरत परियार | ५ | १६०० | ८००० | १२०० | ६८०० |
| २. | ना.सु डवल व. भाट | ४ | १२०० | ४८०० | ७२० | ४०८० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | सव. इ. जनक व. खडका | ४ | १२०० | ४८०० | ७२० | ४०८० |
| | | | | | जम्मा | १४९६० |

**७२.** **न्यायिक समितिको भत्ता :-** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गउपालिकाले न्यायिक समितिबाट वैठकको निर्णयको अभिलेख राख्नुपर्ने र उपदफा २ बमोजिम समितिले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सभामा पेश गर्नुपर्ने र उक्त वैठक वापत ४ सदस्यले मात्र रु ५००। को दरले भत्ता पाउने व्यवस्था भएकोमा न्यायिक समतिको वैठकमा ऐनले तोके भन्दा वढी दरले भुक्तानि दिएको असुल हुनुपर्ने देखिएको रु

रकम: १८२०००/-

| सि.न | पद र नाम | पटक | भुक्तानि भएको दर | भूक्तानि रकम | तोकेका दर | करकट्ठी गरिभूक्तानि हुनुपर्ने रकम | करवाहेकको असुल हुनुपर्ने |
|---|---|---|---|---|---|---|---|
| उपाध्यक्ष | कमला देवी ओझा | ४ | १००० | ४००० | ५०० | १७०० | २००० |
| वडा सदस्य | दिपेन्द्र प्रसाद पाठक | ४ | १००० | ४००० | ५०० | १७०० | २००० |
| वडा सदस्य | गोविन्द वहादुर पार्की | ४ | १००० | ४००० | ५०० | १७०० | २००० |
| प्र.प्र.अ | सुरत वहादुर परियार | ४ | १००० | ४००० | ५०० | ०० | ३४०० |
| ना.सु | गणेशराज ओझा | ४ | १००० | ४००० | ५०० | ०० | ३४०० |
| ना.सु | डवल वहादुर भाट | ४ | १००० | ४००० | ५०० | ०० | ३४०० |
| सलेपा | राम वहादुर विष्ट | ४ | १००० | ४००० | ५०० | १७०० | २००० |
| | | | | | | जम्मा | १८२०० |

**७३.** **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु गाउँपालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७४. | **वडा कार्यालयबाट भएको खर्च :** गाउँपालिकाले वडा कार्यालयलाई जम्मा रु.४९,१०,८०४। भुक्तानी दिएको छ । वडा कार्यालयसँग सम्बन्धित खर्चहरु गाउँ कार्यपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट थप बैठक भत्ता, जिन्सी सामान खरिद, अनुगमन/भ्रमण लगायतका कार्यमा खर्च भएका छन् । यसरी वडागत रुपमा खर्च गर्दा जिन्सी विवरण अद्यावधिक नभएको, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिएको तथा गाउँपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने जोखिम समेत देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ७५. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाउँपालिकाबाट देहाय बमोजिम रु.४१२३२००/ सुविधा वापत भुक्तानी भएको छ । | |

| सि. नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २२ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | मासिक सुविधा | १८०००० | ३००००० | १६८०००० | ५७६००० | १३२०००० | ४०५६००० |
| २. | सञ्चार सुविधा (मासिक दरमा) | १३२०० | १२००० | ४२००० | ० | ० | ६७२०० |
| | | | | | | **जम्मा** | ४१२३२००/ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ७६. | **पदाधिकारी अन्य सुविधाः** सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । गाउँपालिकाले ऐनले तोकेको सुबिधावाहेक बर्ष भरी बैठक भत्ता रु.२६०८०४०॥ सुविधा खर्च लेखेको देखियो । यसरी ऐनमा व्यवस्था नभई लिएको उक्त रकम नियम संगत नदेखिएको रु. | २६०८०४०/- |
| ७७. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी गाउँ कार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार रु.२०००। देखि रु.५००००। सम्म जम्मा रु.६४८५००। आर्थिक सहायता वितरण | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | गरेको छ । यस्तो सहयोग उपलब्ध गराउँदा आवश्यक कानून तथा कार्यविधि बनाई सोको आधारमा सदुपयोग हुने गरी वितरण गर्नेतर्फ समेत ध्यान दिनु पर्दछ । | |
| | **समानिकरण पूँजीगत** | |
| **७८.** | निम्न भौचर र मितिबाट ल्यापटप,प्रिन्टर,प्रोजेक्टर लगायतका सामान खरिद गरेको छ । उक्त सामान दाखिला भएको नदेखिएकोले सामान दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | ६४२९८९/- |

| भौ.नं./मिति | सामान सप्लायर्स | विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| २९४/०७६/३/२५ | सफ्टवेयर एप्लिकेशन एण्ड इन्फरमेशन टेक्नोलोजी | ल्यापटप,प्रिन्टर | ९९९९० | वडा सचिव रमेश चन्द ओझाले खरिद गरेको |
| २९१/०७६/३/२५ | दिक्षा अर्डर सप्लायर्स | प्रोजेक्टर , | ३००००० | लक्ष्मी मा.वि |
| ३१४/०७६/३/२५ | आकास ट्रेडिङ्ग | फ्रिज फर्निचर | ४२९९९ | ऐली स्वा.केन्द्र |
| ३१३/०७६/३/२५ | दिक्षा अर्डर सप्लायर्स | ल्यापटप,प्रोजेक्टर | २००००० | महादेवी श्री मावि |
| | | जम्मा | ६४२९८९/- | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| **७९.** | ३१८।०७६।३।२९ सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधाको सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । आफ्नो क्षेत्र भित्रका योजनाहरु अनुगमन गरेवापत वडा अध्यक्षलाई अनुगमन भत्ता पाउने व्यवस्था नभएको भए तापनि निजले योजना अनुगमन वापत दैनिक भ्रमण भत्ता समेत लिई सकेको अवस्थामा दैनिक रु.५००। को दरले अनुगमन गरेवापत रु.२८३०००। भुक्तानी लिएको छ । यस्तो अनुगमन भत्ता लिन पाउने आधार प्रमाण नभएकोले निजबाट कर कट्टी रु.४२४५०। बाहेकको रु.२४०५५०। असुल उपर गर्नुपर्ने रु. | २४०५५०/- |
| **८०.** | ३१०।०७६।३।२९ कार्यपालिका सदस्य कल्पना विकले भत्ता वितरण गर्न रु.२४७०००। भुक्तानी लिएको देखियो । विना प्रयोजन निजले गा.पा.अध्यक्ष टेक बहादुर रोकाया सहित २० जनालाई भत्ता वितरण गरेको देखिदा उक्त भत्ता लिन पाउने आधार प्रमाण नभएकोले भत्ता बुझ्ने व्यक्तिहरु मार्फत नपाउने भत्ता असुल गर्नुपर्ने रु. | २४७०००/- |
| **८१.** | २९०।०७६।३।२५ भैरव मावि उ.सलाई भवन निर्माण गरेवापत उपभोक्ताको योगदान कट्टी गरी रु.१७४४६१०। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको ठेक्का विलमा २९.८९ घन मिटर आर.सि.सि.काममा ३७१३ केजी आइटम खर्च लेखेको देखियो । दर विश्लेषण अनुसार १.४ प्रतिशतको दरले ३२७५.०२ केजी आइटम मात्र प्रयोग गर्नेपर्नेमा ४३७.९८ केजी बढी आइटम प्रयोग देखाएको हुदा बढी आइटमको सम्झौता दर रु.१३४.७९ ले हुने रु.५९०३५।३२ बढी भुक्तानी भएको हुदा बढी भुक्तानी भएको उपभोक्ताको योगदानको अनुपातिक कट्टी गरी असुल उपर गर्नुपर्ने रु. | ५९०३५.३२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ८२. | २८०।०७६।२।२४ भवानी आधारभुत विद्यालयलाई घेरावार गर्न रु.३८००००। उपलव्ध गराएको छ । संलग्न फाँटवारीमा एंगलपोल गाड्न पि.सि.सि.(१:३:६) को ३.५१ घन मिटरमा रु.५५०५७। भुक्तानी लिएको देखियो । उपभोक्ता समितिले पेश गरेको घेरवारको फोटोमा पोलहरु ढलेको र पि.सि.सि गरेको समेत नदेखिदा काम नगरेको आइटमको रकम सम्बन्धित उपभोक्ता समितिसँग असुल उपर गर्नुपर्ने रु. | ५५०५७/- |
| ८३. | २७३।०७६।३।२४ झुडा आधारभुत विद्यालय निर्माण उपभोक्ता समितिलाई भवन निर्माण गर्न रु.२९०४०६। उपलव्ध गराएको छ । उपभोक्ताले पेश गरेको फाँटवारीमा ठेक्का विलमा आर सि.सि.( १:२:४) को ४.२६ घनमीटर कामको लागि ५४ केजी आइरन राखेको देखियो । दरविश्लेषणमा आइरनको परिमाण १.४ प्रतिशतले हुने उल्लेख छ । सोही दर अनुसार बढीमा ४६८ केजी आइरन को परिमाण राखी विल तयार गर्नुपर्नेमा ७५४ केजी राख्दा २८६ केजी बढी आइरन राखी प्रति केजी सम्झौता दर रु.१३५.७३ ले हुने रु.३८८२४।५० बढी भुक्तानी भएको हुदा बढी भुक्तानी भएको रकम उपभोक्ता समितिसँग अनुपातिक कट्टी गरी असुल उपर गर्नुपर्ने रु. | ३८८२४/- |
| ८४. | २७१।०७६।३।२४ कालिकास्थान मावि निर्माण उपभोक्ता समितिलाई भवन निर्माण एवं सामाग्री खरिद गरेवापत रु.११६०४०८। उपलव्ध गराएको छ । उपभोक्ताले पेश गरेको वि.ओ.क्यू. सहितको फाँटवारी परीक्षण गर्दा भवन निर्माण को काम लगायत सोफासेट,दराज सेट कम्प्युटर टेवल लगायतका आइटम पनि सप्लाईमा राखेको देखियो । निर्माण कामको लागि प्रस्तावित गरेको बजेटबाट सामाग्री सप्लाई समेत राखी खरिद गर्नु उपयुक्त देखिएन । साथै सम्झौता अनुसार स्टील सोफा थान १ को मूल्य रु.१७५१५। र लकर दराजको १ थानको मूल्य रु.१६३८५। समेत रु.३३९००। सामान प्राप्त भएको ठेक्का विलमा प्राप्ती देखाई खर्च भुक्तानी भएपनि सामान प्राप्त नभएकोले उक्त रकम उपभोक्ता समितिबाट अनुपातिक कट्टी गरी असुल उपर गर्नुपर्ने रु. | ३३९००/- |
| ८५. | निजि अथवा समूहगत हितको लागि स्थापना भएका संस्थालाई संरचना निर्माणको नाममा सरकारी रकम अनुदान स्वरुप उपलव्ध गराउनु हुदैन । पालिकाले देहायको संस्थालाई भवन निर्माण गर्न रकम उपलव्ध गरेको देखिएकोले उक्त अनुदान रकम नियम सम्मत नदेखिएको रु. | ८२४४४/- |

| भौ.नं.,मिति | संस्थाको नाम | अनुदान रकम |
|---|---|---|
| १३८/०७६/२/९ | कालसैनी भैरव फर्निचर उद्योग | २४४४४ |
| ९/०७५/९/२६ | नमा शिवशक्ति वचत तथा ऋण सहकारी संस्था लि. | ५८२००० |
| | जम्मा | ८२४४४/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| ८६. | ११।०७६।३।२५ सरस्वती आवि भवन निर्माण उपभोक्ता समितिलाई भवन निर्माण वापत रु.१६९८७९०। भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको फाँटवारी परीक्षण गर्दा ढुवानीवापत रु.२२०००। खर्च लेखेकोमा विल सच्चाई ६२०००। गरी रु.४००००। भुक्तानी लिएको देखियो । विल सच्चाउने व्यक्तिलाई जिम्मेवार वनाई उक्त रकम उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ४००००/- |
| | **समानिकरण चालु** | |
| ८७. | **सार्वजनिक गर्नुपर्ने** :स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन २०७५को दफा १४ अनुसार स्थानिय तहका पदाधिकारी तथा सदस्यले यस ऐन वमोजिम प्राप्त गरेका सेवा सुविधाहरु सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनको पालना गरि पदाधिकारी तथा सदस्यहरुलाई प्रदान गरिएका सेवा सुविधाहरु गाउपालिकाले सार्वजनिक गरेको छैन । पालिकाले ऐनको व्यवस्था अनुसार स्थानिय तहका पदाधिकारी तथा सदस्यले लिएको सेवा तथा सुविधाहरु सार्वजनिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिएको छ । | |
| ८८. | **पोषाक भत्ता** : ११८।०७५।१०।६ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा पदाधिकारी आफु निर्वाचित भई अनुसूची-२ बमोजिमको पद तथा गोपनियताको सपथ लिई कामकाज गरेको मिति देखि अनुसूची-१ मा तोकिएको सुविधा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोतको आधारमा मात्र अन्य सुविधा पाउने व्यवस्था छ । तर गाउपालिकाले उक्त कानूनमा व्यवस्था नै नभएको पोशाक भत्ता रु ३७००००। खर्च लेखेको हुदा कानुन विपरितको पोशाक भत्ता लिन मिल्ने नदेखिएकोले उक्त खर्च सम्वन्धीतवाट असुल हुनुपर्ने देखिएको रु | ३७००००/- |
| ८९. | **गर्भवती यु एस.जी सेवा ५३०।०७६।३।२४** :मौवा स्वास्थ्य चौकीमा शनिवार गर्भवती महिलाहरुको यु.एस.जी सेवा संचालन गरेवापत काम गर्ने १२ जना नर्सिड० स्टाफहरुको खाजा एवं यातायात खर्च वापत रु ४५०००। खर्च लेखिसकेकोमा पुन दाजुभाइ होटलको विल राखि पुन सोहि प्रयोजनका लागि खर्च लेखिएको रु ५५१००। सम्वन्धीतवाट असुल हुनुपर्ने रु | ५५१००/ |
| ९०. | **औषधी खरिद** : २०६,२२८,५४८,५४७।०७५।९।२५ :कार्यालयले यस वर्ष सोझै विभिन्न मितिमा विभिन्न आपूर्तकसंग रु १०,६१,०६५। को औषधी तथा औषधीजन्य सामान खरिद गरेको छ । यसरी खरिद भएका औषधीहरुमा उत्पादन मिति ,म्याद समाप्ती मिति ,औषधीको जेनेरिक नाम एवं Country of Origin सहितको डेलिभरी सिट सम्लग्न फाटवारीमा देखिएन तसर्थ खरिद गरिएका औषधीहरु गुणस्तरिय भए नभएको एकीन गर्न सकिएन । गुणस्तरिय औषधी खरिद गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखियो । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

**९१.** **सिप विकास गोष्ठी :६२९।०७६।३।२९** अर्थ मन्त्रालयको आन्तरिक कार्य संचालन निर्देशिका २०७५ को निर्देशन नं ७.१.१५ अनुसार सवै प्रकारका तालिम गोष्ठी सेमिनारमा गाउपालिकास्तर भएमा प्रशिक्षकलाई प्रति सेसनको ७००। र कार्यपत्रको ३५०। तथा खाजाको प्रतिव्यक्ति २००। का दरले खर्च लेख्न पाउने व्यवस्था गरेको छ ।उक्त कार्यक्रम संचालक ना.सु. गणेश ओझाले २ दिने गोष्ठी संचालनका लागि लिएको पेश्कि रु.२०००००। फछ्यौटको फाटवारी परीक्षण गर्दा प्रशिक्षक भत्ता एवं कार्यपत्रको रकम अ.म.को नमर्स भन्दा वढी लिएको देखिएको निम्नानुसारको रु ८१५० वढी असुल हुनुपर्ने रु.

रकम: ८१५०/-

| क संख्या | प्रशिक्षका, संयोजकको नाम | कार्यपत्र र प्रशिक्षण वापत पाउने दर | सेसन संख्या | प्रति सेसन भूक्तानि भएको दर | भूक्तानि भएको | भुक्तानि हुनुपर्ने | असुल हुनुपर्ने देखिएको |
|---|---|---|---|---|---|---|---|
| १. | योगेन्द्र डुम्रेल | १०५० | ६ | १४०० | ८४०० | ६३०० | २१०० |
| २. | जयराज भट्ट | १०५० | ६ | १४०० | ८४०० | ६३०० | २१०० |
| ३. | संयोजक नारायण पछेरा | १०५० | १ | ५००० | ५००० | १०५० | ३९५० |
| | | | | | | जम्मा | ८१५०/- |

**९१.१.** साथै उक्त कार्यक्रममा सहभागी संख्या ४४ जना रहेका र सो गोष्ठी २ दिनको देखिएकोमा निज सहभागीहरुलाई अ.म.को नमर्स अनुसार खाजा खर्च रु २००। का दरले हुनुपर्ने रु.१७६००। मा दिपीका नास्ता पसलको विलवाट रु ४५३९०। खर्च लेखेको देखिएकोले अर्थ मन्त्रालयको नमर्स भन्दा वढी खर्च लेखेको रु २७७९०। निजवाट दुवै गरि रु ३५९४०। असुल हुनुपर्ने देखिएको रु.

रकम: ३५९४०/-

**९२.** **प्रशिक्षक भत्ता** : ५२९।०७६।३।२४ भ्रमण खर्च नियमावली २०६४ नियम ७ को उपनियम ११ वमोजिम दै.भ्र.भ्र लिएको अवस्थामा वैठक भत्ता, फील्ड भत्ता,स्थानिय भत्ता,प्रशिक्षक भत्ता लगायत कुनै पनि भत्ता लिन नपाइने व्यावस्था रहेको छ । निम्नानुसारका दुवै कर्मचारीहरुले दै.भ्र.भत्ता वापत प्रतिव्यक्ति रु.३९००। लिएको अवस्थामा पनि नियमानुसार नपाउने प्रशिक्षक भत्ता लिएको रु ६८००। असुल हुनुपर्ने देखिएको रु

रकम: ६८००/-

| क.सं | प्रशिक्षक | कार्यपत्र र प्रशिक्षण वापत पाउने दर | सेसन संख्या | प्रति सेसन भूक्तानि भएको दर | भूक्तानि भएको | करकटी | असुल हुनुपर्ने देखिएको |
|---|---|---|---|---|---|---|---|
| १ | डवल भाट | १०५० | ४ | १००० | ४००० | ६०० | ३४०० |
| २ | गणेशराज ओझा | १०५० | ४ | १००० | ४००० | ६०० | ३४०० |
| | | | | | | **जम्मा** | **६८००.००** |

**९३.** **दलित क्षमता विकास तालिम: ६६४।०७६।३।३०** अर्थमन्त्रालयको आन्तरिक कार्य संचालन निर्देशिका २०७५ अर्थमन्त्रालय को निर्देशन नं ७.१.१५ अनुसार सवै प्रकारका तालिम गोष्ठी सेमिनारमा गाउपालिकास्तर

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

भएमा कार्यपत्र प्रस्तुतकर्तालाई प्रति सेसनको ७००। र कार्यपत्रको ३५०। खर्च लेख्न पाउने व्यवस्था गरेको छ । कार्यालयवाट नै त्यस्ता कार्यक्रम संचालन भएकोमा सो वापत प्रशिक्षकलाई कार्यपत्र वापत रु ३५०। मात्र लेख्न पाउने व्यवस्था रहेकोमा कार्यक्रम प्रशिक्षक ना.सु. डवल व.भाटले दलित क्षमता विकास तथा जनचेचना मूलक २ दिने गोष्ठी संचालनका लागि लिएको पेश्कि रु १,५०,०००। फछ्यौटको फाँटवारी परीक्षण गर्दा कार्यपत्रको रकम मात्र पाउने व्यवस्था भएकोमा अ.म.को नमर्स अनुसार नपाउने प्रशिक्षक वापतको भत्ता खर्च लेखिएकोले निम्नानुसारको सो भत्ता निजवाट असुल हुनुपर्ने रु

रकम: ५१००/-

| क्र संख्या | प्रशिक्षक।संयोजक | सेसन संख्या | प्रति सेसन भूक्तानि भएको दर | भूक्तानि भएको | कर | असुल हुनुपर्ने देखिएको |
|---|---|---|---|---|---|---|
| १. | सुरत व. परियार | ४ | १००० | ४००० | ७०० | ३४०० |
| २. | डवल व. भाट | ४ | ८०० | ३२०० | ४८० | २७०० |
| | | | | | जम्मा | ५१०० |

**९४.** **यातायात खर्च** : ६६५।०७६।३।३० कार्य संचालन निर्देशिका २०७५ अर्थमन्त्रालय को निर्देशन नं ७.१.१५ अनुसार सवै प्रकारका तालिम गोष्ठी सेमिनारमा गाउपालिकास्तर भएमा सहभागीहरुलाई अ.म.को नमर्स अनुसार यातायात खर्च वापत रु २००। देखि ५००। सम्म खर्च लेख्न पाउने व्यवस्था छ । ना.सु दिपक साउदले रु १०००००। को पेश्कि लिइ वार्ड न १ को १ दिने सरसफाइ कार्यक्रममा ९९जनाको उपस्थीति देखाइ प्रतिव्यक्ति ४५०। का दरले खर्च लेखेकोमा उक्त कार्यकमको माइन्युटमा ४२ जनाले मात्र डस्टविन वुझेको हुदा यातायात खर्च पनि ४२ जनाको रु १८९००। नै लेख्नुपर्नेमा ९९ जनाको रु ४४,४५०। खर्च लेखेको हुदा वढी खर्च लेखीएको ५७ जनाको यातायात खर्च रु.२५,६५०। निजवाट असुल हुनुपर्ने देखिएको रु

रकम: २५६५०/-

**९५.** अगुवा कृषक तालिम ६०१।०७६।३।२९ कार्य संचालन निर्देशिका २०७५ अर्थमन्त्रालय को निर्देशन नं ७.१.१५ अनुसार सवै प्रकारका तालिम गोष्ठी सेमिनारमा गाउपालिकास्तर भएमा खाजाको प्रतिव्यक्ति २००। का दरले खर्च लेख्न पाउने व्यवस्था गरेको छ । गाउँपालिकाले संचालन गरेको ७ दिने अगुवा कृषक तालिममा २१ जना र १ दिने च्याउ प्रर्दशनी तालिमा ३५ जना सहभागी रहेकोमा निज सहभागीहरुलाई अ.म.को नमर्स अनुसार खाजा खर्च रु २००। का दरले हुन आउने रु.३६४००। मात्र खाजा खर्च लेख्नुपर्नेमा रु १,५१,८००। खर्च लेखेको देखिएकोले अर्थ मन्त्रालयको नमर्स भन्दा वढी खर्च लेखेको रु १,१५,४००। निजवाट असुल हुनुपर्ने देखिएको रु.

रकम: ११५४००/-

**९६.** **विउ विजन अनुदान** : ७२,५७१,५७४।६२७।०७६।३।२९ कार्यालयले कृषकहरुलाई अनुदान दिन खरिद गर्ने विभिन्न प्रकारका विउ विजन एवं मिनि किटहरु कृषि ज्ञान केन्द्रले तोकेको स्रोतकेन्द्रवाट खरिद गर्नूपर्ने व्यवस्था छ । गाउपालिकाले खरिद गरेको निम्नानुसारका विउ विजनहरु खरिद गर्दा सो नियमको पालना नगरी खरिद गरेकोले खरिद गरिएका सवै विउ विजनहरु गुणस्तरिय भए नभएको एकिन गर्न सकिएन ।

| भौ न र मिति | विउ विजनको नाम | विउ विजनको परिमाण | भुक्तानि भएको रकम | खरिद गरिएको संस्था |
|---|---|---|---|---|

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ७२/२०७५/८/२५ | गहुँ क्वीन्टल | १० | ९५०००/ | साजन एग्रो भेट सेन्टर |
| ७२,५७४,/२०७५/८/१२ | तरकारी मिनि किट पाकेट | २००० | १७००००/ | साजन एग्रो भेट सेन्टर |
| ५७४,/२०७६/३/२६ | भटमास | ३३० | ४६२००/ | कृषक सेवा एग्रोभेट सेन्टर |
| ५७४/०७६/३/२६ | धान ,मकै | २० | २०५०००/ | कृषक सेवा एग्रोभेट सेन्टर |

**९७.**

**साक्षर गाउपालिका घोषणा :६७५।०७६।३।३१** साक्षर गाउपालिका घोषणाका लागि प्रा.स कुमारी लिला चौसीरले लिएको पेश्कि रु २,६५,५००। फछ्र्यौटको फाँटवारी परीक्षण गर्दा  सर्वेक्षण गर्ने प्रमाण नदेखिएकोले सर्वेक्षण गरे वापत शिक्षक तथा कर्मचारीहरुलाई  खाना खाजा वापत रु ३००००। खर्च लेखिएको  छ । सोहि प्रयोजनमा पुन खाजाको खर्च वापत लेखिएको प्रयोजन  नखुलेको रु ५७७५०।  र वैठक वसेको माइन्युट समेत नदेखिएको  निम्नानुसारको व्यक्तिहरुलाई साक्षरता अभियान वापत देहायको भत्ता खर्च लेखेको रु.३४४२५। समेत रु.९२१७५। असुल हुनुपर्ने देखिएको रु.

रकम: ९२१७५/-

| क.संख्या | नाम थर | वैठक संख्या | वैठक दर | भुक्तानि रकम | कर वाहेक असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| १. | टेक व रोकाया | ३ | १५०० | ४५०० | ३८२५.०० |
| २. | कमला ओफा | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ३. | नरेन्द्र व.रोकाया | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ४. | लाल व. खडका | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ५. | चन्द्रदेव ओफा | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ६. | सुरत परियार | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ७. | वीर व. रोकाया | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ८. | पदमराज भट्ट | ३ | १५०० | ४५०० | ३८२५.०० |
| ९. | कुमारी लिला चैसिरा | २ | १५०० | ३००० | २५५०.०० |
| १०. | टेक व .तिरुवा | १ | १५०० | १५०० | १२७५.०० |
| | | | | **जम्मा** | **३४४२५.००** |

**९८.**

५०४।०७६।३।२० अर्थ मन्त्रालयको आन्तरिक कार्य संचालन निर्देशिका २०७५ को निर्देशन नं ७.१.१५ अनुसार सवै प्रकारका तालिम गोष्ठी सेमिनारमा गाउपालिकास्तर भएमा खाजाको प्रतिव्यक्ति २००। का दरले खर्च लेख्न पाउने व्यवस्था रहेको छ ।गाउपालिकाले संचालन गरेको २ दिने वाल भेला गोष्ठीमा ३० जना सहभागी रहेकोमा  निज सहभागीहरुलाई अ.म.को नर्म्स अनुसार खाजा खर्च रु २००। का दरले  हुन आउने रु.१२०००। खर्च लेख्नुपर्नेमा निराजन खाजा नास्ता पसलवाट रु ५२,४३०।  खाजा खर्च लेखेको देखिएकोले नमर्स भन्दा वढी खर्च लेखेको रु ४०,४३०।  सम्वन्धितवाट असुल हुनुपर्ने देखिएको रु.

रकम: ४०४०३/-

**९९.**

५६०।०७६।३।२५  अर्थ मन्त्रालयको आन्तरिक कार्य संचालन निर्देशिका २०७५ को निर्देशन नं ७.१.१५ अनुसार सवै प्रकारका तालिम गोष्ठी सेमिनारमा गाउपालिकास्तर भएमा खाजाको प्रतिव्यक्ति २००। का दरले खर्च लेख्न पाउने व्यवस्था गरेको छ ।गाउपालिकाले संचालन गरेको १ दिने राष्टपति रनिड० सिल्ड

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | प्रतियोगितामा ३३ जना खेलाडी रहेकोमा निज सहभागीहरुलाई अ.म.को नमर्स अनुसार खाजा खर्च रु २००। का दरले हुन आउने रु.६६००। मात्र खर्च लेख्नुपर्नेमा खाजा नास्ता पसलवाट रु २७०००। खाजा खर्च लेखेको देखिएकोले नमर्स भन्दा वढी खर्च लेखेको रु २०,४००। सम्वन्धितवाट असुल हुनुपर्ने देखिएको रु. | २०४००/- |
| १००. | **भरपाइ नभएको** ६४९,६४७।०७६।३।२९ कार्यलयले स्थानियस्तरमा आर्थिक सहयोग दिन निश्चित कार्यविधि मापदण्ड वनाउनु पर्दछ ।गाँउपालिकका वृद्धहरुलाई सम्मानका लागि पटक पटक गरि खरिद भएका १३७ थान हल्का कम्वल वितरणको लागि रु १,२९,७००। खर्च भएकोमा कम्वलहरु दाखिला एवं वितरण समेत भएको नदेखिएको सो कम्वल बुझेको प्रमाण पेश हुनुपर्ने अन्यथा रकम सम्वन्धित वाट असुल गरि दाखिला गर्नुपर्ने देखिएको रु | १२९७००/- |
| १०१. | **शिक्षा समितिको भत्ता :-२२१,४७९।०७६।३।११** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्वन्धि ऐन, २०७५ को दफा ४ तथा अनुसुची १ मा न्यायिक समिति, बिधायन समिति, लेखा समिति र सुशासन समितिका सदस्यहरुले मात्र बैठक भत्ता पाउने उल्लेख छ । गाँउपालिकाले देहाय अनुसार शिक्षा समितिको बैठक भत्ता लिएको देखिदा बैठक भत्ता बुझने पदाधिकारी तथा कर्मचारीसँग करकट्टी गरेको रकम घटाई बांकी बैठक भत्ता रु १४२८००। निजहरुबाट असुलउपर गर्नुपर्ने रु. | १४२८००/- |

| नाम पद | दर | वैठक पटक | जम्मा रकम | कर रकम | असुल हुनुपर्ने रकम |
|---|---|---|---|---|---|
| संयोजक टेक वहादुर रोकाया | १५००/ | ११ | १६५०० | २४७५ | १४०२५ |
| सदस्य लाल वहादुररोकाया | १५००/ | ७ | १०५०० | १५७५ | ८९२५ |
| नरेन्द्र वहादुररोकाया | १५००/ | ९ | १३५०० | २०२५ | ११४७५ |
| सदस्य सुरत परियार | १५००/ | ८ | १५००० | २२५० | १२७५० |
| सदस्य कल्पना वि.क | १५००/ | १० | १२००० | १८०० | १०२०० |
| सदस्य नरवहादुर रोकाया | १५००/ | १० | १५००० | २२५० | १२७५० |
| सदस्य गणेश रा दाहाल | १५००/ | ७ | १२००० | १८०० | १०२०० |
| सदस्य दिपक खाती | १५००/ | ८ | १२००० | १८०० | १०२०० |
| सदस्य हरि प्रसाद ओझा | १५००/ | ८ | १०५०० | १५७५ | ८९२५ |
| सदस्य सचिव पदमराज भट्ट | १५००/ | ११ | १६५०० | २४७५ | १४०२५ |
| सदस्य कमला ओझा | १५००/ | ४ | ६००० | ९०० | ५१०० |
| आमन्त्रीत डवलवहादुर भाट | १५०० | १ | १५०० | २२५ | १२७५ |
| कुमारी लिला चैसिर | १५००/ | ८ | १२००० | १८०० | १०२०० |
| टेक वहादुर तिरुवा | १५००/ | ६ | १५००० | २२५० | १२७५० |
| | | | | जम्मा | १४२८००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १०२. | **दोहोरो पोशाक भत्ता** : ४९४।०७६।३।१९ निम्न विद्यालयका सहायक लेखापाल,सहयोगी तथा वालविकास स.का. हरुको पोषाक भत्ता नेपाल सरकारवाट प्राप्त हुने शसर्ततर्फको भौ नं ३१६।०७६।३।२९ वाट खर्च भएको हुदाँ पुनः रकम गएको देखिएकोले दोहोरो भत्ता वापत निकास भएको रकम असुल हुनुपर्ने रु | ४९०००/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|

| क सं | विद्यालयको नाम | स.ले.पाका हरुको पोषाक भत्त | सहयोगी का हरुको पोषाक भत्त | वालविकास स.का हरुको पोषाक भत्ता | कुल जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रभात मा.वि.देहिमाण्डौ | ५००० | २००० | २००० | ९००० |
| २ | शारदा मा.वी मौवा | ५००० | २००० | २००० | ९००० |
| ३ | गीरीचौका मा.वी | ५००० | २००० | २००० | ९००० |
| ४ | महादेव आधारभुत दुक्राला | ० | २००० | २००० | ४००० |
| ५ | गंगा भवानी आ.वि | ० | २००० | २००० | ४००० |
| ६ | भैरव आधारभुत माडिसैन | ० | २००० | २००० | ४००० |
| ७ | कृष्ण आधाभूत पाताल | ० | २००० | २००० | ४००० |
| ८ | जनता आधारभुत रोलिड० | ० | २००० | ० | २००० |
| ९ | तेडि आधारभूत माडिसैन | ० | २००० | ० | २००० |
| १० | देवकी आधारभूत थला | ० | २००० | ० | २००० |
| | **कुल जम्मा** | १५००० | २०००० | १४००० | ४९००० |

**१०३.** **२१८।०७५।११।१४ :** सरकारी कोषवाट रकम खर्चलेख्दा कार्यालयले विल भरपाइको आधारमा मात्र खर्च लेख्नुपर्दछ ।कार्यालयले संचारको भुक्तानि गर्दा सुविसुको फोटोकपी मात्र भएको विलविजक वाट भुक्तानि भएको देखिएको रु ९०४०। को सक्कल प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितवाट असुल उपर गर्नुपर्ने रु — ९०४०/-

**बिषयगत कार्यक्रमको लेखापरीषणबाट देखिएका व्यहोरा**

**१०४.** **करकट्टी :** आयकर ऐन, २०५८ को दफा ८८ मा परामर्श सम्बन्धी कार्य गरेवापत रकम भुक्तानी गर्दा सम्झौता अनुसार १५ प्रतिशतको दरले अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहायका संस्थालाई परामर्शबापत रकम भुक्तानी गरेकोमा १५ प्रतिशतका दरले अग्रिम करकट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा कर छुट भएको रकम सम्बन्धित संस्थाबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. — १३०४४६.७५

| भौ.न./मिति | परामर्शदाताको नाम | प्रयोजन | भुक्तानी रकम | छुट कर |
|---|---|---|---|---|
| ७९/२०७६/३/२० | सामुदायिक विकास मञ्च नेपाल | सहयोगी संस्था तथा व्यक्ति परिचालन | ७६९६४५.० | ११५४४६.७५ |
| १३४/२०७६/३/२४ | वातावरण तथा मानव संशाधन विकास नेपाल | स्वास्थ्य संस्था सामाजिक परिक्षण | १०००००.० | १५०००.० |
| | | | **जम्मा** | **१३०४४६.७५** |

**१०५.** **ढुवानी सम्झौता :** कार्यालयले खर्च रकम भुक्तानी गर्दा सोको पुष्टि गर्ने आवश्यक प्रमाण पेश हुनुपर्दछ । देहायको सवारी चालकलाई ढुवानी बापत निम्नानुसार रकम भुक्तानी भएकोमा, ढुवानीको प्रयोजन, भ्रमण स्थान लगायतको प्रमाण एबम् सम्झौतासमेत पेश नभएकोले खर्चको पुष्ट्याँई गर्ने आधार पेश गरिनुपर्ने रु — ५४,५००/-

| भौ.नं/मिती | सवारी चालक | भुक्तानी दिने | रकम |
|---|---|---|---|
| ९६/२०७६/३/२६ | देव दत्त भट्टराई | ना.प.स्वा.प्रा, | १२५००.० |
| १२/२०७६/२/३१ | यज्ञ सिंह तिरुवा | ना.प्रा.स, ठम्मन सिं सेठी | ४२०००.० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | जम्मा ५४५००.० | |
| १०६. | **खानेपानी गुणस्तर निग्रानी :** ९८/२०७६/३/३९, नियमित खानेपानी गुणस्तर अनुगमन कार्यक्रम संचलान बापत कार्यालयले अ.हे.ब अजुर्न खड्कालाई रु ५००००.० भुक्तानी गरेको छ । कार्यक्रम संचालनको संलग्न प्रतिवेदन अनुसार, खानेपानी गुणस्तर अनुगमन गरिएको स्थान, मिति, सो स्थानको अवस्था र कार्यक्रम संचालनका उपलब्धी बारे संलग्न श्रेस्तामा प्रमाण नभएको साथै कार्यक्रमको उपस्थितीतको बैठक, माईन्युट समेत पेश नभएकोले, कार्यक्रमको उद्देश्य अनुसार लक्ष्य हाँसिल भएको यकिन गर्न सकिएन । | |
| १०७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** : प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रम अर्न्तगत गाउँपालिकाले काममा लगाउनुपर्नेमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । निर्देशिका बमोजिम श्रमिकलाई रोजगार बापतको पारिश्रमिक बैंक खातामार्फत भुक्तानी गर्नुपर्ने वा सो अवस्था नरहेमा सम्बन्धित स्थानीय तहले सो व्यहोरा निर्णय गरी नगदमै भुक्तान गर्न सक्नेमा, गाउँपालिकाले सो निर्णयबिना पारिश्रमिक रकम टोली नेतामार्फत नगद भूक्तानी गरेको देखिएकोले, पारिश्रमिक भुक्तानी सम्बन्धित कामदारहरुले प्राप्त गरेको सुनिश्चित गर्न सकिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| १०८. | **सहजीकरण रकम :** गाउँपालिकाले संचालन गरेको विभिन्न कार्यक्रममा, तोकिएको शिर्षकमा तोकिए बमोजिमको रकममात्र भुक्तानी गर्न मिल्छ । गाँउपालिकामा संचालित पोषण परामर्श केन्द्र सहजकर्ता तालिम कार्यक्रममा, कार्यालयले सहजीकरण भत्ता बापत कर्मचारीहरुलाई निम्नानुसार रकम भुक्तानी गरेकोमा, सहजीकरण बापत भत्ता उपलब्ध गराउने व्यवस्था रहेको नपाईएकोले, नीजहरुबाट असुल गरिनुपर्ने रु | १३६००/- |

| भौ.नं/मिति | रकम बुझिलिने | रकम | करकट्टी | भुक्तानी |
|---|---|---|---|---|
| ४/२०७५/११/१५ | बम ब. खड्का | ७०००.० | १०५०.० | ५९५०.० |
| ४/२०७५/११/१५ | डबल ब. भाट | ७०००.० | १०५०.० | ५९५०.० |
| ४/२०७५/११/१५ | डमरु कुमारी बिष्ट | १०००.० | १५०.० | ८५०.० |
| ४/२०७५/११/१५ | चेतकुमारी पाठक | १०००.० | १५०.० | ८५०.० |
| **जम्मा** | | | | **१३६००.०** |

| | | |
|---|---|---|
| | **सामाजिक सुरक्षा कार्यक्रमको लेखापरीक्षणबाट देखिएका व्यहोरा** | |
| १०९. | **अभिलेख अद्यावधिक तथा बढी भुक्तानीः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको MIS systemमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट  खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यबस्था छ । | |
| १०९.१. | गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन भने तीन वटै चौमासिकको सामाजिक सुरक्षा भत्ता रकम रु.४,५१,१६,६००। नगदमा बुझाएको देखियो । उल्लेखित अवस्थामा सामाजिक सुरक्षा भत्ता बितरणमा दुरुपयोग हुन सक्ने देखिएकोले ब्यबस्थापन पक्षले लाभग्राहीहरुको मुल अभिलेख अद्यावधिक, सो को नविकरण, लगत कट्टा, बितरण प्रणाली र बैंक खाता सञ्चालन लगायत तोकिएका अन्य कार्यहरुलाई बिश्वसनीय र भरपर्दो बनाउनुपर्ने देखिन्छ । बैंकमा खाता खोली बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्दछ । | |
| १०९.२. | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने उचित व्यक्ति छुट वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भाव्यता विद्यमान रहन्छ । | |
| १०९.३. | गाउँपालिकाको निकासाको आधारमा पहिलो र पाँचौ स्थानको वडाहरुको सामाजिक सुरक्षा भत्ता परीक्षण गर्दा निम्न वडाको सामाजिक सुरक्षा भत्ता दोहोरो वितरण गरेकोमा देहाय अनुसारको दोहोरो | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | परेको भत्ता सम्बन्धित वडा सचिबलाई जिम्मेवार बनाई असूल गर्नुपर्ने तथा अन्य वडाहरुको सम्बन्धमा कार्यालयले छानविन गर्नुपर्दछ । निर्देशिकाले व्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता बैंक मार्फत भुक्तानी गर्नु पर्ने रु. | २२७२००/- |

| वडा नं. | लक्षित समुह | नाम | दर | जम्मा भुक्तानी | चौमासिक | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | बा.द | एलिसा भूल | ४०० | १६०० | प्रथम | |
| | बा.द | दिपक विक | ४०० | ४८०० | तीनवटै चौमासिक | |
| | बा.द | सुनिल विक | ४०० | १६०० | प्रथम | |
| | जे.द | धर्मा ढोली | १००० | ४००० | प्रथम | |
| | बा.द | रोशन विक | ४०० | १६०० | तेस्रो | |
| | बा.द | सुनिल विक | ४०० | ३२०० | दोस्रो र तेस्रो | |
| | बा.द | इसा नेपाली | ४०० | १६०० | प्रथम | |
| | बा(द | कृष्ण भूल | ४०० | १६०० | प्रथम | |
| | बा.द | केशव भुल | ४०० | १६०० | प्रथम | |
| | जे.अ. | जोगी साउद | २००० | ८००० | प्रथम | |
| | जे.अ. | देउमुनी साउद | २००० | ८००० | प्रथम | |
| | विधवा | रम्भा भुल | २००० | ८००० | प्रथम | |
| ३ | जे.अ. | गोरख ब.रोकाया | २००० | २४००० | तीनवटै चौमासिक | नागरिकता नं.एउटै |
| १ | बा.द | निसा दमाई | ४०० | १६०० | प्रथम | |
| | जे.अ. | गोरे खड्का | २००० | २४००० | अभिलेखमा नभिडेको | |
| | विधवा | पार्वती देवी खड्का | २००० | २४००० | अभिलेखमा नभिडेको | |
| | विधवा | पार्वती देवी खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | विधवा | भागा खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | विधवा | भागा देवी खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | विधवा | भागा देवि खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | विधवा | भागा देवि खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | विधवा | मन्धरी खड्का | २००० | २४००० | अभिलेखमा नभिडेको | |
| | विधवा | मन्धरी देवी खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | विधवा | मानी खड्का | १००० | १२००० | अभिलेखमा नभिडेको | |
| | | **जम्मा** | | २२७२००/ | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | रकम |
|---|---|---|
| | **आन्तरिक लेखापरीक्षणबाट देखिएको बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्यौट गरिसक्नुपर्ने व्यवस्था भएता पनि देहायबमोजिम आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु फछ्यौट गरेको प्रमाण पेश नभएकोले नियमानुसार फछ्यौट गर्नुपर्ने देखिएको छ ।** | |
| ११०. | ४०।०७५।८।६ सवारी साधन मर्मत खर्च गर्दा मर्मत आदेश नभएको र फेरिएको सामानको कार्यालयमा दाखिला नभएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु. | १०६००/- |

### आदर्श गाउँपालिकाको सञ्चित कोष विवरण
### २०७५।७६

अनुसूची १

(रु.हजारमा)

| क्र.स | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूजीँगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | आदर्श गाउँपालिका | डोटी | ३५१०२ | ९२०७३ | १११४२४ | ११५३८९ | ३१८८८६ | २१५७४९ | १०५६३९ | १०५८३ | ३३१९७१ | २२०१७ |

अनुसूची-२

## बेरुजू वर्गीकरण (विनियोजन,राजस्व,धरौटी र अन्य कारोवार)
### २०७५।७६

(रु.हजारमा)

| क्र स | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| | | सै. | ल. | रकम | सै. | ल. | रकम | सै. | ल. | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी पेश्की | अन्य पेश्की | जम्मा |
| १ | आदर्श गाउँपालिका | ६२ | ५४ | १२१८० | ० | ० | ० | ६२ | ५४ | १२१८० | ७३२६ | ३४३० | १४२४ | ० | ० | ४८५४ | ० | ० | ० |

अनुसूची-३

## अद्यावधिक वेरुजू स्थिति
### २०७५।७६

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | आदर्श गाउँपालिका | डोटी | १२२६९ | ३७२१ | ८५४८ | ० | १२१८० | २०७२८ |